# हाम्रो विनयी-त्रिवेणी

## स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-८)

## २०७९

प्रकाशक : विनयी-त्रिवेणी गाउँपालिका

(शिक्षा, युवा तथा खेलकुद शाखा)

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## स्थानीय पाठ्यक्रम : हाम्रो विनयी-त्रिवेणी

| | |
|---|---|
| प्रमुख संरक्षक | - श्री घनश्याम गिरी, अध्यक्ष |
| संरक्षक | - श्री भगवती वैदवार क्षत्री, उपाध्यक्ष |
| संरक्षक | - दिनेश कुमार गौड (कहार), प्रमुख प्र. अधिकृत |
| ©सर्वाधिकार | - श्री विनयी-त्रिवेणी गाउँपालिका, नवलपुर । |
| सहजीकरण | - श्री साभ नेपाल, पोखरा । |

## पाठ्यक्रम मस्यौदा लेखन सुझाव समिति

| | |
|---|---|
| श्री दिपकप्रसाद पौडेल | - अध्यक्ष, वडा नं. १ |
| श्री पुष्पा आले | - अध्यक्ष, वडा नं. २ |
| श्री कृष्ण बहादुर पाण्डे | - अध्यक्ष, वडा नं. ३ |
| श्री साहिल श्रेष्ठ | - अध्यक्ष, वडा नं. ४ |
| श्री रनबहादुर झैँडी | - अध्यक्ष, वडा नं. ५ |
| श्री नुरेन शाह | - अध्यक्ष, वडा नं. ६ |
| श्री उमेश कार्की | - अध्यक्ष, वडा नं. ७ |
| श्री बलराम सुवेदी | - प्रधानाध्यापक |
| श्री राजु जि.सी | - प्रधानाध्यापक |
| श्री ललितकुमार गुरुङ | - प्रधानाध्यापक |
| श्री दिपक कुँवर | - प्रधानाध्यापक |
| श्री शारदा कोइराला | - प्रधानाध्यापक |

## पाठ्यक्रम मस्यौदा लेखन समिति

श्री डा.तुलसीराम खनाल 'प्रभास' (अध्यक्ष, साभ नेपाल)

श्री डा. देवप्रसाद पाण्डे (सहप्राध्यापक, गण्डकी विश्वविद्यालय, पोखरा)

श्री ज्योतिप्रसाद रेग्मी (उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस, पोखरा)

श्री प्रकाश खनाल (विज्ञ सदस्य, साभ नेपाल)

श्री भूपराज पाण्डे (शिक्षा अधिकृत)

# प्राक्कथन

स्थानीय समुदायका आवश्यकता र रुचिलाई महत्त्व दिई स्थानीय स्तरकै साधन, स्रोत र विज्ञताको उपयोगमार्फत् स्थानीय स्तरमा निर्माण, विकास र कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रमले मात्र जाति, भाषा, धर्म, संस्कृति आदिमा हुने विविधतालाई सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरिएको हो ।

नेपाल विविधताले सम्पन्न मुलुक हो । यहाँ विभिन्न थरि भाषा, सभ्यता, पेसा, संस्कृति, वेशभुषा र भूगोलहरू छन् । तिनका आ-आफ्नै विशिष्ट पहिचान छन् । 'विविधतामा एकता' नेपालीको विशिष्ट पहिचान नै हो । लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय संविधान जारी भई मुलुक यही बाटोमा अघि बढिरहेका बेलामा संविधानले समेत प्रत्येक भाषा र सभ्यताको संरक्षण र संबर्द्धन गर्न पाउने नागरिकको हकलाई मौलिक हकका रूपमा सुरक्षित गरेको छ भने यसका लागि विभिन्न समयमा ऐन, कानुन र निर्देशिकाहरूसमेत बनिसकेको सर्वविदितै छ ।

नेपालमा विभिन्न कालखण्डमा शिक्षालाई विकेन्द्रित गर्ने प्रयासस्वरूप पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई महत्त्व दिइँदै आएको पाइन्छ । 'राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७५' ले पनि स्थानीय पाठ्यक्रमको महत्त्वलाई जोड दिएको छ भने नेपाल सरकारले 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन-२०७६' प्रकाशित गरी स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा स्पष्ट मार्गदर्शन प्रस्तुत गरेको छ ।

यही सन्दर्भमा विनयी-त्रिवेणी गाउँपालिकाले पनि 'राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७५,२०७६' र 'स्थानीय पाठ्यक्रम निर्देशिका-२०७६' का मूल मान्यतालाई आत्मसात् गर्दै **हाम्रो विनयी-त्रिवेणी** नामक पाठ्यक्रम तयार गरी पाठ्यपुस्तक लेखनको दायित्वलाई पूरा गरेको छ । यस क्रममा स्थानीय पाठयक्रमका आदर्शहरूलाई पछ्याउँदै स्थानीय आवश्यकता र रुचिलाई ध्यानमा राखी यो पाठ्यक्रम निर्माण गरिएको छ । पाठ्यक्रम निर्माणका क्रममा नगरपालिका क्षेत्रभित्रका पाठ्यक्रम विज्ञ, शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षाविद्, प्रधानाध्यापक, लेखक, स्थानीय सरोकारवाला प्रतिनिधिहरूको व्यापक छलफल, अन्तरक्रिया, प्रश्नोत्तरका माध्यमबाट सबैका सुझावहरूलाई यथोचित समावेश गरी पाठ्यक्रमको साँचोमा ढाल्ने प्रयास गरिएको छ ।

यस पाठ्यक्रमको निर्माणका क्रममा 'साभ नेपाल' ले जुन सहजीकरणको भूमिका निर्वाह गरेको छ, त्यसप्रति म हृदयदेखि नै आभारी छु । साभ नेपाल, यसका अध्यक्ष तथा यसको सिङ्गो

लेखक तथा विज्ञ टोलीप्रति म कृतज्ञ छु । यस कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने गाउँपालिकाभित्रका सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, शिक्षा शाखाका विज्ञहरू, कर्मचारी साथीहरू, विभिन्न क्षेत्रका विज्ञ तथा अग्रज व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै म यस पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

**घनश्याम गिरी**

**अध्यक्ष**

**विनयी-त्रिवेणी गाउँपालिका, नवलपुर ।**

# विषयसूची

| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विषय क्षेत्र | २ |
| ३. | स्थानीय पाठयक्रमको औचित्य | ३ |
| ४. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ३ |
| ५. | विद्यालय शिक्षाको संरचना | ४ |
| ६. | स्थानीय पाठ्यक्रमका तहगत सक्षमता | ५ |
| ७. | स्थानीय पाठ्यक्रमका विषयवस्तुको छनोट | ५ |
| ८. | विषयक्षेत्र र क्रम | ७ |
| ९. | विषयवस्तुको विस्तृतीकरण | ११ |
| १०. | पाठ्यघण्टी र अङ्क विभाजन तालिका | ९२ |
| ११. | सिकाइ सहजीकरण प्रक्रिया | ९४ |
| १२. | विद्यार्थी मूल्याङ्कन | ९४ |
| १३. | पाठ्यक्रम कार्यान्वयन | ९४ |
| १४. | समय निर्धारण | ९५ |
| १५. | पाठ्यक्रम परिमार्जन | ९५ |

(विषयसूची अन्तिममा मिलाइने)

# स्थानीय पाठ्यक्रम : हाम्रो विनयी-त्रिवेणी

## १. परिचय

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक मुलुक हो । हाम्रा सामाजिक सम्पदाको संरक्षण र हस्तान्तरणको माध्यम हाम्रो शैक्षिक प्रणालीमा निर्भर हुने गर्दछ । शिक्षाले संस्कृतिलाई विकास, परिमार्जन र परिस्कृत गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने गर्दछ । यही तथ्यलाई मध्यनजर गरेर विद्यालय तहको पाठ्यक्रम निर्माणका क्रममा खासगरी आधारभूत तहबाटै केही परिवर्तनका संस्थागत प्रयासहरू भइरहेका छन् । नेपालको संविधान २०७२ ले शिक्षा प्राप्त गर्ने नागरिकको अधिकारलाई सुरक्षित मात्र गरेको छैन स्थानीय भाषा, संस्कृति, सभ्यताको संरक्षण र उपयोग समुदायले गर्न पाउने संवैधानिक व्यवस्था गरेको छ । त्यस्तै नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत तह कक्षा १-८ सम्मको विद्यालय शिक्षामा १०० पूर्णाङ्कको स्थानीय विषय सम्बन्धित स्थानीय तह वा विद्यालय आफैले निर्माण गरी कार्यान्वयन गर्न सकिने व्यवस्था उल्लेख गरे अनुसार स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका प्रयासहरू भइरहेका छन् ।

पाठ्यक्रमले शिक्षण र सिकाइलाई दिशानिर्देश गर्दछ । पाठ्यक्रमकै आधारमा पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरू निर्माण गरिन्छ । प्रजातन्त्र स्थापनापछि मूल पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुहरूमै आंशिक रूपमा स्थानीय कला र स्थानीय विषयवस्तुलाई समावेश गर्ने प्रयास सुरु भयो भने नेपालको संविधान २०७२ लागु भएसंगै यसको आवश्यकता र महत्त्वलाई गम्भीरतापूर्वक लिन थालिएको पाइन्छ । स्थानीय तहको आवश्यकता, रुचि, उपलब्ध साधन र स्रोतको लेखाजोखा गरी स्थानीय शिक्षक, अभिभावक, विद्यार्थी, बुद्धिजीवी र स्थानीय विज्ञहरूकै सहभागितामा बनाइने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो (पाठ्यक्रम प्रारूप २०७६)। स्थानीय पाठ्यक्रमले स्थानीय रैथाने ज्ञान र स्थानीय सिप विकासमा विशेष जोड दिन्छ । विद्यार्थीले आफ्नो मौलिकता र आफ्नोपनको अनुभूत गर्न सक्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको हुन्छ ।

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएकाले शिक्षक तथा सिकारुको सहभागितामा विद्यालय तहमा नै पाठ्यक्रम निर्माण तथा कार्यान्वयन हुनुपर्दछ भन्ने सोचका साथ स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । बदलिएको नेपालको राजनैतिक एवम् प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहमा हस्तान्तरण गरिएको हुँदा स्थानीय परिवेश र स्थानीय आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने वातावरण बनेको हो ।

स्थानीय पाठ्यक्रम निर्माणमा केही मूलभूत सिद्धान्तहरूलाई उपयोग गरिएको हुन्छ । स्थानीय पाठ्यक्रमले लोकतान्त्रिक मूल्य मान्यता, खुला सामाजिक प्रकृति, समावेशी चरित्र, स्थानीय र राष्ट्रिय आवश्यकतामा आधारित, जीवनोपयोगी र क्रियाकलाप केन्द्रित सिद्धान्तहरूलाई समावेश गरेको हुन्छ । स्थानीय पाठ्यक्रम सबै ठाउँमा एउटै किसिमको हुँदैन किनभने स्थानीय आवश्यकता, उपलब्ध स्रोत र साधन र स्थानीय पहिचान फरक फरक किसिमको हुन्छ । यो विविधता र विशिष्टताका आधारमा स्थानीय पाठ्यक्रमको बनोट र संरचना पनि फरक फरक हुन सक्छ साथै यसका आधारमा पाठ्यवस्तु पनि फरकफरक बन्न सक्छ ।

स्थानीय पाठ्यक्रमले स्थानीय स्तरमा क्षमता विकास गरी आफूलाई चाहिने पाठ्यक्रम आफै निर्माण र कार्यान्वयन गर्ने पेशागत तथा संस्थागत विकासमा जोड दिएको छ । समुदायको आवश्यकतालाई मात्र होइन, सिकारुको रुचि, उमेर, स्तर र स्रोत साधनलाई विशेष ध्यान दिएको छ । सिकारुलाई सिक्नका लागि उत्प्रेरित

गर्दछ र सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ । यसले परम्परा, मूल्य, मान्यता तथा स्थानीय मौलिक संस्कृतिलाई जगेर्ना गर्न सिकाउँछ । स्थानीय परम्परागत पेशा र व्यवसायहरूको मौलिकतालाई जोगाउँदै तिनको आधुनिकीकरण गर्न उत्प्रेरित गर्दछ । स्थानीय पाठ्यक्रमले स्थानीय सामग्रीको उपयोग गरी सिकाइ संचालनमा जोड दिन्छ ।

नेपालमा प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) र २०६५ (कक्षा ४-५) मा व्यवस्था भए अनुसार कक्षा १-५ मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको ८० प्रतिशत पाठ्यक्रम केन्द्रले र २० प्रतिशत पाठ्यक्रम स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्न सकिने प्रावधानअनुसार विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयन हुँदै आइरहेको छ । त्यसैगरी साप्ताहिक ४ पाठ्यभार (वार्षिक १२८ पाठ्यभार) र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने दायित्व स्थानीय तह (विद्यालय, स्रोत केन्द्र र जिल्ला) लाई दिइएको छ । नीतिगत प्रावधान अनुसार सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा समावेश गरिएको २०% स्थानीय विषयवस्तु र स्थानीय विषय वा मातृभाष को १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रम मानिएको छ ।

विनयी-त्रिवेणी गाउँपालिकाले स्थानीय तहका शिक्षक, बुद्धिजीवी, शिक्षाविद्, अभिभावक, विद्यार्थी लगायत सरोकारवाला विभिन्न समूहहरूसँगको चरणबद्ध छलफल र अन्तरक्रियापछि मात्र यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७१ र २०७६ का उद्देश्य, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०६४, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ को मर्म र भावनालाई आत्मसात् गरी तिनलाई स्थानीय आवश्यकतासँग समन्वय गरिएको छ । विनयी-त्रिवेणी गाउँपालिकाको स्थानीय पहिचानका विशिष्ट पक्षहरूलाई उजागर गर्दै स्थानीय आवश्यकता, विद्यार्थीको रुचि, तह, स्तर, पाठ्यवस्तुको क्षेत्र र क्रमअनुसार समायोजित गरिएको छ । मूलत : प्राकृतिक स्रोतका रूपमा रहेका विभिन्न सम्पदाहरू, मानव निर्मित सामाजिक तथा सांस्कृतिक सम्पदाहरू, स्थानीय पेसा र सिपहरू, जीवनोपयोगी सिप, मूल्य तथा मान्यताहरू आदिसँग सम्बन्धित विविध पक्षहरूलाई समेट्दै पाठ्यक्रम निर्माण गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माणका सन्दर्भमा स्थानीय आवश्यकता पहिचान गर्नका लागि विभिन्न क्षेत्रका सरोकारवालाहरू, अभिभावक, समाजसेवी, विभिन्न पेशामा संलग्न व्यक्तिहरू, शिक्षक, विद्यार्थी, पूर्व विद्यार्थी, सामाजिक कार्यकर्ता, राजनैतिक व्यक्तिहरू, महिला, दलित, अपाङ्ग, विभिन्न भूगोल र समुदायका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवीहरू तथा स्थानीय जनप्रतिनिधिहरू आदिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुझावहरू सङ्कलन गरी विद्यार्थीको स्तर र उमेर त्यस्तै गरी स्थानीय क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई समेत मध्यनजर गरी प्राथमिकतामा परेका स्थानीय विषयवस्तुहरू समावेश गरी पाठ्यक्रम निर्माण गरिएको हो ।

## २. विषय क्षेत्र

प्रस्तुत पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रम प्रारूप र स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०६४, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ का प्रावधानहरूको जगमा टेकेर विनयी-त्रिवेणी गाउँपालिकाको स्थानीय आवश्यकतालाई आत्मसात् गर्दै विद्यार्थीको उमेर तह र रुचिलाई समेत मध्यनजर राख्दै विषय क्षेत्रहरूको समायोजन गरेको छ । पाठ्यक्रम निर्माण गर्दा विनयी-त्रिवेणी गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोत, मानव निर्मित सम्पदाहरू, तिनको महत्त्व, संरक्षण र विकास जस्ता पक्षा हरूलाई समेटी विषय क्षेत्रहरूको निर्धारण गरिएको छ । गाउँपालिकाका प्राकृतिक, सामाजिक तथा सांस्कृतिक सम्पदाको महत्त्व, स्थानीय परम्परागत सिप, पेसा तथा व्यवसाय, पर्यटकीय तथा धार्मिक आस्थाका केन्द्रहरू, विनयी-त्रिवेणी गाउँपालिकाका जातजातिका विशिष्टता, संस्कृतिसँग सम्बन्धित विविध विषयका सम्बन्धमा विद्यार्थीहरूलाई ज्ञान, सिप र अभिवृत्ति प्रदान गर्ने उद्देश्य अनुरूप तहगत तथा कक्षागत विषययक्षेत्रको क्रम र

स्तर मिलाइएको छ । स्थानीय आर्थिक उत्पादनमुलक क्रियाकलापहरूसँग परिचित गराउँदै आत्मनिर्भरताको बाटोतिर विद्यार्थीहरूलाई अभिमुख गराउने प्रयत्न गरिएको छ । नैतिकताको चरम ह्रास र मानवीय मूल्य विघटनको वर्तमान वैश्विक परिवेशमा योग, प्राणायाम, ध्यान जस्ता संस्कारहरूमार्फत् व्यक्तिमा आत्मानुशासन र सत्चरित्रको विकास गराउने खालका विषयवस्तुहरूको चयन र समायोजन गरिएको छ । विपद्को बेलामा अरुको मुख ताक्ने नभई स्थानीयस्तरमै विपद् व्यवस्थापनका लागि गर्न सकिने उपायहरू सुझाई व्यक्तिमा जोखिमसँग जुध्न सक्ने सिप र क्षमताको अभिवृद्धि गराउने उद्देश्यमा विषयवस्तुलाई केन्द्रित गराइएको छ ।

## ३. स्थानीय पाठयक्रमको औचित्य

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम निर्माणको विकल्पमा स्थानीय पाठ्यक्रम निर्माणको अभ्यास सुरु भएको छ जुन आफैमा सकारात्मक रहेको छ । संविधान, ऐन, कानुन, नीति, नियमावली र निर्देशिकाहरूमा समेत स्थानीय पाठ्यक्रमका अवधारणाहरू उल्लिखित भइरहेको सन्दर्भमा प्रस्तुत विनयी-त्रिवेणी गाउँपालिकाको स्थानीय पाठयक्रमको औचित्य स्वतः सिद्ध भएको छ ।

आधारभूत तहका विद्यार्थीहरूले आफ्नो स्थानीय प्राकृतिक परिवेश, समुदायका सामाजिक मूल्य मान्यता, रहनसहन, जीवनशैलीका विशिष्ट पक्षहरूलाई पहिचान गरेर तिनको मूल्यबोध गर्न सक्नुपर्दछ । लोपोन्मुख परम्परागत सिप, पेसा र उत्पादनसँग जोडिएका विषयहरूको उत्खनन् गरी एकातिर हाम्रो मौलिकतालाई जोगाउने र अर्कातिर आयआर्जनका बाटातिर अभिमुख गराउँदै व्यक्तिलाई उत्पादनशील र आत्मनिर्भर बनाउनु आजको आवश्यकता हो । यो पाठ्यक्रमले निर्दीष्ट गरेका विषयवस्तुहरूको अध्ययनबाट विद्यार्थीहरूले स्थानीय स्तरमा पेसा व्यवसायका सम्भावनाहरूतर्फ चासो बढाउने छन् भने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक वस्तु र स्थलहरूको महत्त्व बुझ्दै पर्यटनका सम्भावनाहरू पहिल्याउँदै जानेछन् । यो पाठ्यक्रमले परम्परागत ज्ञान सिप र प्रविधि मार्फत् स्थानीय ज्ञानको खोजी गर्नेछ । यसले विद्यार्थीको नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुर्याउनेछ । विपद्लाई बुद्धिमतापूर्ण र विवेकपूर्ण ढङ्गले सामाना गरी विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका सिप र क्षमता हासिल गराउने सम्बन्धमा पनि यो पाठ्यक्रमको औचित्य स्वतः प्रमाणित भएको छ । प्रस्तुत पाठ्यक्रमको औचित्यलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिन्छ :

(क) स्थानीय पाठ्यक्रम निर्माणमा प्रत्यक्ष संलग्न गराई स्थानीय सरोकारवालालाई जिम्मेवार बनाउन ।

(ख) स्थानीय कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र सम्बर्धन गर्न ।

(ग) स्थानीय आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावाहारिक र प्रभावकारी बनाउन ।

(घ) स्थानीय ज्ञानको उपयोग गरी नागरिकलाई सिपयुक्त, आत्मनिर्भर बनाउँदै रोजगारीतर्फ अभिमुख गराउन ।

(ङ) स्थानीय स्तरका पेसा व्यवसाय एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रियकरण गर्न ।

(च) स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापी बनाउन ।

(छ) व्यक्तिलाई स्थानीय पेसा र सिपको उपयोगको माध्यमबाट आयआर्जन र उत्पादनमुखी बनाउनुका साथै श्रमप्रति सम्मानको भाव जगाउन ।

(ज) स्थानीय तहमा लुकेका ज्ञान सिप र प्रविधिको उजागर गर्न ।

(झ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक विविधतालाई सम्बोधन गर्न ।

(ज) विश्वव्यापी ज्ञान सिप र प्रविधिलाई स्थानीय विकासमा उपयोग गर्न ।

## ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार छन्

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएका, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ५. विद्यालय शिक्षाको संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का अनुसार विद्यालय शिक्षाको संरचना निम्नानुसार रहेको छ ।

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बाल विकास र शिक्षा | ४ वर्ष | |
| **आधारभूत** | **कक्षा १- ३** | **५ देखि ७ वर्षसम्म** | **तह १** |
| | **कक्षा ४- ५** | **८ देखि ९ वर्षसम्म** | **तह २** |
| | **कक्षा ६- ८** | **१० देखि १२ वर्षसम्म** | **तह ३** |
| माध्यमिक | कक्षा ९- १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११- १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी भक्तपुर ।

## ६. स्थानीय पाठ्यक्रमका तहगत सक्षमता

**कक्षा १-५**

क) विनयी-त्रिवेणी गाउँपालिकामा पाइने वनस्पति तथा पशुपंक्षीको (जैविक विविधता) पहिचान

ख) विनयी-त्रिवेणी गाउँपालिकामा रहेका नदीनाला, खनिज पदार्थ आदिको परिचय

ग) विनयी-त्रिवेणी गाउँपालिकाका प्राकृतिक विपत्तिको पहिचान र न्यूनीकरणका उपायसम्बन्धी सचेतना

घ) विनयी-त्रिवेणीमा प्रचलित धर्म कला, संस्कृति र चाडपर्वको पहिचान

ङ) विनयी-त्रिवेणी गाउँपालिकाका ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको परिचय

च) विनयी-त्रिवेणी गाउँपालिकाका सम्पदाहरूको परिचय

छ) असल सामाजिक मूल्य मान्यताको अनुसरण, विकृति र यसको रोकथाम

ज) विनयी-त्रिवेणी गाउँपालिकाका पेसा, व्यवसाय र आम्दानीका स्रोतहरू

झ) पूर्वीय जीवनशैली र संस्कारको सचेतना र अवलम्बन

ञ) सरसफाइ, यसको महत्त्व र सचेतना

ट) विनयी-त्रिवेणी गाउँपालिकाको राजनैतिक, सामाजिक तथा सांस्कृतिक परिचय

**कक्षा ६-८**

क) विनयी-त्रिवेणीमा पाइने वनस्पति तथा पशुपंक्षीको (जैविक विविधता) पहिचान र संरक्षण

ख) विनयी-त्रिवेणीको भौगोलिक अवस्था र यहाँका नदीनाला, खनिज पदार्थ आदिको परिचय, महत्त्व र संरक्षण

ग) विनयी-त्रिवेणीका प्राकृतिक विपत्तिहरू र जोखिम न्यूनीकरणका उपायहरूको सचेतना

घ) विनयी-त्रिवेणी गाउँपालिकामा प्रचलित कला, संस्कृति र चाडपर्वको पहिचान

ङ) विनयी-त्रिवेणीका ऐतिहासिक स्थलहरूको परिचय, महत्त्वबोध र संरक्षणमा सहभागिता

च) असल सामाजिक मूल्य र मान्यताको अनुसरण तथा सकारात्मक व्यवहारको पालना एवम् विकृति र यसको रोकथाम

छ) विनयी-त्रिवेणीका पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूको परिचय, फाइदा र चुनौती

ज) विनयी-त्रिवेणीका भाषा र लोकसाहित्यको परिचय

झ) विनयी-त्रिवेणीका जातजातिहरूको परिचय तथा तिनका विशिष्टताहरू

ञ) सरसफाईको परिचय र फोहोर व्यवस्थापनका उपायहरूको अबलम्बन

ट) योग, प्राणायाम, ध्यान, आयुर्वेद र जडीबुटी सम्बन्धी परिचय, महत्त्व र अभ्यास

ठ) पूर्वीय जीवनशैली र संस्कारको अभिमुखीकरण तथा अवलम्बन

ड) परम्परागत ज्ञान, सिप तथा प्रविधिको बोध र उपयोग

ढ) विनयी-त्रिवेणीका सामाजिक, सांस्कृतिक तथा धार्मिक पक्षहरूको पहिचान

## ७. स्थानीय पाठ्यक्रमका विषयवस्तुको छनोट

१. विनयी-त्रिवेणीको स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी, पशुपंक्षी, प्रदूषण, सरसफाई, ऊर्जा, जलवायु परिवर्तन

२. विनयी-त्रिवेणीको भौगोलिक अवस्था, यस क्षेत्रका नदीनाला, र खनिज पदार्थ

३. विनयी-त्रिवेणीको मुख्य विपद्हरू: भुकम्प, बाढी, पहिरो, आगजनी, चट्याङ, हुरी बतास र दुर्घटना

४. विनयी-त्रिवेणीको इतिहास, प्रचलित भाषा, धर्म, संस्कृति, चाडपर्व, रीतिरिवाज र भेषभूषा
५. विनयी-त्रिवेणीमा रहेका मठमन्दिर र अन्य धार्मिक सम्पदाहरू
६. विनयी-त्रिवेणीका सामाजिक मूल्यमान्यता र सकारात्मक व्यवहार तथा विकृति र यसको रोकथाम
७. विनयी-त्रिवेणीका प्रचलित पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी, हस्तकला, तथा पर्यटन व्यवसाय आदि)
८. योग, ध्यान, प्राणायाम, अतिथि सत्कार
९. विनयी-त्रिवेणीमा प्रचलित परम्परागत वस्तुहरू, हरित विद्यालय
१०. विनयी-त्रिवेणीको ऐतिहासिक घटना र जनश्रुतिहरू, विनयी-त्रिवेणीको राजनैतिक र प्रशासनिक संरचना
११. विनयी-त्रिवेणीको जीवनशैली, जातजाति, भाषाभाषी, लोकसंस्कृति
१२. विनयी-त्रिवेणीका परम्परागत ज्ञान, सिप तथा प्रविधि, जीवनोपयोगी सिप

## ८. विषयक्षेत्र र क्रम

| विषय क्षेत्र र क्रम कक्षा १-५ | | | | | |
|---|---|---|---|---|---|
| **विषयवस्तुको क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
| • विनयी-त्रिवेणी गाउँपालिका | • विनयी-त्रिवेणी गाउँपालिका परिचय । | • गाउँपालिकाको नामकरण ।<br>• आफू बसेको वडाको परिचय । | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्था र हावापानी ।<br>• जनसंख्या । | • विनयी-त्रिवेणी गाउँपालिकाको प्राकृतिक स्रोत र साधनहरू ।<br>• गाउँपालिकाको नक्सा र महत्त्वपूर्ण स्थान । | • विनयी-त्रिवेणी गाउँपालिकाका योजना तथा कार्यक्रमहरू<br>• गाउँपालिकाका गतिविधि |
| • स्थानीय सम्पदा | • मन्दिर<br>• हाम्रो भाषा | • मन्दिरको धार्मिक तथा सांस्कृतिक परिचय।<br>• स्थानीय भाषा। | • स्थानीय संस्कृति र सम्पदाको परिचय।<br>• स्थानीय भाषा ।<br>• स्थानीय जीवन्त सम्पदाको परिचय। | • स्थानीय मठ मन्दिर, गुम्बाको परिचय ।<br>• लोक बाजाहरूको परिचय।<br>• स्थानीय चाडपर्व, मेला तथा महोत्सव। | • ऐतिहासिक तथा धार्मिक सम्पदाको परिचय<br>• विभिन्न देवी देवताहरूको जातजातिगत पूजापाठ विधिको संक्षिप्त परिचय<br>• स्थानीय रूपमा मनाइने चाडपर्वहरू |
| • परम्परागत अभ्यास | • खाद्य परिकार<br>• स्थानीय क्रियाकलापहरू | • स्थानीय खाद्य परिकार परिचय<br>• स्थानीय क्रियाकलाप र पोशाक | • अतिथि सत्कार<br>• स्थानीय क्रियाकलाप र पोशाक | • पूजापद्धति<br>• निवेदन लेखन<br>• तमसुक लेखन | • चिठी लेखन<br>• तमसुक लेखन<br>• निवेदन लेखन |
| • कृषि तथा पशुपक्षी पालन | • कृषिको परिचय ।<br>• हाम्रो खेतबारीमा उत्पादन हुने अनाज ।<br>• स्थानीय कृषिमा प्रयोग गरिने औजारहरू | • स्थानीय बालीनालीका प्रकार ।<br>• नर्सरीको परिचय | • अन्नबाली र नगदेबाली<br>• पशुपछीपालन<br>• आधुनिक कृषि प्रणाली | • कृषि र कृषि उत्पादन<br>• माछा पालन<br>• माहुरी पालन | • कृषि उत्पादनका विधिहरू<br>• बीउबीजन उत्पादनका तरिका<br>• माछापालन<br>• स्वरोजगार र आधुनिक कृषि |

| | | | | | |
|---|---|---|---|---|---|
| • उद्यमशीलता | • स्थानीय सिपको परिचय<br>• स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरू | • स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरू<br>• स्थानीय सामग्रीको उपयोग गरी वस्तु निर्माण | • परम्परागत सिप एवम् उद्यमशीलता<br>• स्थानीय व्यापार व्यवसाय<br>• स्थानीय उद्योगहरू | • परम्परागत पेशा<br>• स्वरोजगार | • स्थानीय सामग्रीको प्रयोग गरी निर्माण गर्न सकिने वस्तु<br>• दुना, टपरी निर्माण । |
| • अनुशासन, खेलकुद तथा स्वास्थ्य | • अनुशासनको परिचय<br>• स्वास्थ्यको परिचय<br>• व्यक्तिगत स्वास्थ्य<br>• | • व्यक्तिगत सरसफाई र स्वास्थ्य<br>• योग तथा ध्यानको परिचय ।<br>• असल व्यवहार | • योग/प्राणायाम/ ध्यानको प्रारम्भिक परिचय<br>• जडीबुटीको परिचय | • असल व्यवहार र चरित्र निर्माण<br>• योग शिक्षा | • मानवीय कर्तव्य र अधिकार<br>• योगका चरण र महत्त्व<br>• योगको शास्त्रीय मान्यता<br>• स्थानीय उपचार पद्धति |
| • पर्यटन | • फूलबारी र बाल उद्यान .<br>• दृश्यावलोकन । | • स्थानीय पर्यटकीय क्षेत्र | • पदमार्ग र यसको महत्त्व होमस्टे परिचय<br>• दृश्यावलोकन | • पर्यटकीय क्षेत्रको परिचय।<br>• स्थानीय पर्यटनका क्षेत्र<br>• सांस्कृतिक ग्राम | • स्थानीय पर्यटकीय क्षेत्र<br>• होमस्टे<br>• स्थानीय पदमार्गको विकास र अन्तरिक तथा वाह्य पर्यटनका क्षेत्रहरू |
| • व्यावहारिक तथा जीवनोपयोगी सिकाइ | • प्राकृतिक विपद्को परिचय ।<br>• विपद्बाट बच्ने उपायहरू । | • व्यक्तित्वको परिचय र योगदान ।<br>• लोपोन्मुख क्षेत्रको परिचय ।<br>• जीवनोपयोगी सिपको परिचय | • प्राकृतिक विपद् र न्यूनीकरणका उपायहरू<br>• स्थानीय सूचना प्रविधि | • विपद् र विपद् व्यवस्थापनका उपायहरू ।<br>• सूचना प्रविधि र सिकाइमा यसको प्रयोग । | • आधुनिक सूचना र प्रविधि<br>• प्राकृतिक प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय |
| • जैविक विविधता | • आफ्नो वरपर रहेका वनजङ्गलको परिचय<br>• स्थानीय क्षेत्रमा पाइने | • आफ्नो वरपर रहेका वनजङ्गल र मुख्य वनस्पतिहरूको परिचय<br>• स्थानीय क्षेत्रमा पाइने | • जैविक विविधताको परिचय<br>• स्थानीय क्षेत्रममा पाइने प्रमुख वनस्पति<br>• जल तथा थल जीव | • जलीय तथा स्थलीय जीवहरूको परिचय र संरक्षणका उपायहरू । | • जैविक विविधताको ह्रास<br>• जैविक विविधता संरक्षण र आवश्यकता |

| | | | | | |
|---|---|---|---|---|---|
| | चराचुरुङ्गीहरू | चराचुरुंगी जनावरहरू | जन्तुहरू | | |

| विषय क्षेत्र र क्रम कक्षा ६ - ८ | | | |
|---|---|---|---|
| **विषयवस्तुको क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| विनयी-त्रिवेणी गाउँपालिका | • विनयी-त्रिवेणी गाउँपालिकाको प्रशासनिक संरचना<br>• विकासका गतिविधि<br>• जातजातिगत जनसंख्या | • जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकार<br>• गाउँपालिकाका सेवाका क्षेत्रहरू<br>• विनयी-त्रिवेणी गाउँपालिकाको भूबनोट, हावापानी र वनस्पति<br>• जनसंख्या, जातजाति र भाषा | • विनयी-त्रिवेणी गाउँपालिकाका भावी योजना र कार्य दिशाहरू<br>• विनयी-त्रिवेणी गाउँपालिका वडापत्र<br>• विनयी-त्रिवेणी गाउँपालिका भौगोलिक अवस्थिति |
| स्थानीय सम्पदा | • संस्कृति अभ्यासको परिचय दिन<br>• स्थानीय सांस्कृतिक मेला, उत्सव र परिचय<br>• जातजातिका संस्कृति झलक र परम्पराहरू<br>• पुरातात्त्विक महत्त्वका क्षेत्रहरूको परिचय<br>• स्थानीय भाषा र भाषिक वर्गीकरण | • धार्मिक सम्पदा<br>• ऐतिहासिक सम्पदा<br>• सांस्कृतिक सम्पदा | • धार्मिक सम्पदा<br>• ऐतिहासिक सम्पदा<br>• भाषिक सम्पदा |
| परम्परागत अभ्यास | • शिलालेख<br>• ताम्रपत्र लेख | • ब्रत, उपबास र एकान्तबास<br>• संस्कारको परिचय<br>• खाद्य परिकार निर्माण र सेवन | • सामाजिक रीतिरिवाजको परिचय<br>• स्थानीय सामाजिक परम्परा<br>• |
| कृषि तथा | • स्थानीय कच्चा पदार्थको प्रयोग गरी | • स्थानीय कच्चा पदार्थमा आधारित वस्तु | • बाँसका सामग्रीको उत्पादन |

| | | | |
|---|---|---|---|
| पशुपक्षीपालन | निर्माण गरिने सामग्री | • बाँसका सामग्री | • नेपाली कागज उत्पादन |
| उद्यमशीलता | • व्यवसायिक कृषि<br>• जडीबुटी खेती<br>• तरकारी तथा फलफूल खेति | • प्राङ्गारिक कृषि<br>• माछापालन<br>• कृषि व्यवसायका चुनौतीहरू र सम्भावना<br>• बजार व्यवस्थापन | • कृषिको महत्त्व र योगदान<br>• प्राङ्गारिक कृषिको महत्त्व प्राङ्गारिक कृषिको विधि<br>• कृषि आधुनिकीकारण |
| अनुशासन, खेलकुद तथा स्वास्थ्य | • योग<br>• अनुशासित व्यक्ति | • सामाजिक व्यवहार<br>• अधिकार र कर्तब्य<br>**स्वास्थ्य**<br>• शुद्धीकरणका स्थानीय विधिहरू<br>• योग अभ्यास | • योगको महत्त्व र दैनिक जीवनमा प्रयोग<br>• प्राकृतिक चिकित्सा<br>• खेलकुद |
| पर्यटन | • पर्यटकीय क्षेत्रहरूको महत्त्व, हरित विद्यालय र अन्तर विद्यालय भ्रमण | • पर्यटन र विकासका रणनीतिहरू<br>• पर्यटन र आर्थिक विकासका आधार | • पर्यटकीय क्षेत्रको संरक्षण र संवर्द्धन<br>• जलयात्रा/बोटिंग |
| व्यावहारिक तथा जीवनोपयोगी सिकाइ | • प्रकोप तथा विपद्को पहिचान र बच्ने उपाय<br>• सूचना र प्रविधिको शैक्षिक प्रयोग | • सूचना र प्रविधिको प्रयोग<br>• स्थानीय सम्पदा संरक्षणमा स्थानीय योजना र कार्यक्रम | • परम्परागत सूचना प्रसारण विधि र आधुनिक प्रविधि<br>• सिकाइमा सूचना प्रविधिको प्रयोग<br>• विपद् व्यवस्थापन |
| जैविक विविधता | • जैविक विविधता र वातावरणीय सन्तुलन | • स्थानीय क्षेत्रमा पाइने वन्यजन्तुको संरक्षणको अवस्था बताउन<br>• स्थानीय क्षेत्रमा रहेका वनको परिचय<br>• स्थानीय वनमा पाइने वनस्पतिहरू र तिनीहरूको संरक्षण | • स्थानीय वनजङ्गलको परिचय<br>• स्थानीय वनजङ्गलको जैविक बिबिधता<br>• वनजङ्गलबाट हुने फाइदाहरू<br>• वनजङ्गलको संरक्षणमा विद्यार्थीको भूमिका |

## ९. विषयवस्तुको विस्तृतीकरण

| कक्षा १ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| विनयी-त्रिवेणी गाउँपालिका | • विनयी-त्रिवेणी गाउंपालिका परिचय ।<br>• | • आफ्नो गाउँपालिकाको नाम बताउन ।<br>• आफ्नो गाउँ/टोलको नाम भन्न । | • विनयी-त्रिवेणी गाउँपालिका परिचय ।<br>• हाम्रो गाउँ । | • विनयी-त्रिवेणी गाउँपालिकाको परिचय ।<br>• हाम्रो गाउँ/टोलको नाम र परिचय । | • गाउँपालिकाको नाम सोध्ने ।<br>• तिमी बस्ने गाउँ/टोलको नाम के हो भनी सोध्ने । | १५ |
| स्थानीय सम्पदा | • दाउन्ने धार्मिक क्षेत्र<br>• हाम्रो भाषा | • दाउन्ने देवीको मन्दिर चिन्न ।<br>• आफू बोल्ने मातृभाषाको नाम बताउन । | • दाउन्ने देवीको मन्दिर रहेको स्थान र धार्मिक क्षेत्रको परिचय<br>• स्थानीय क्षेत्रमा बोलिने भाषा (मगर, खस भाषा) को परिचय । | • दाउन्ने देवीको मन्दिर रहेको स्थान र मन्दिरको फोटो, भिडियो प्रदर्शन तथा अवलोकन गराउने ।<br>• गाउँमा बोलिने भाषाहरूको जानकारी गराउँदै विद्यार्थीको बोल्ने मातृभाषाका बारेमा परिचय दिने र कुराकानी गर्न लगाउँने । | • दाउन्ने देवीको मन्दिरको परिचय दिन लगाउने ।<br>• आफू बोल्ने मातृभाषाको नाम बताउन लगाउने । | |
| परम्परागत अभ्यास | • खाद्य परिकार<br>• स्थानीय क्रियाकलापहरू | • चाडपर्वमा खाइने खानेकुराहरूको सूची तयार गर्न<br>• घरमा विभिन्न समयमा गरिने | • स्थानीय चाडपर्वमा खाइने खानेकुराहरूको सूची<br>• परिवारमा गरिने विभिन्न कार्यहरू | • स्थानीय चाडपर्वमा खाइने खानेकुराहरूको सूची बनाई परिचय दिने र निर्माण विधि बताउने<br>• हामीले विभिन्न समयमा | • स्थानीय चाडपर्वमा खाइने खानेकुराहरू मध्ये कुनै तिन खाद्य परिकारको नाम लेख्न लगाउने | |

कक्षा १

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | क्रियाकलापहरू बताउन (जस्तै : जन्मदिन, कुलपूजा, विवाह, ब्रतबन्ध आदि) | (जन्मदिन, कुलपूजा, विवाह, ........आदि) मा गरिने क्रियाकलापहरू र चित्रहरू | गरिने पारिवारिक कार्यहरू (जन्मदिन, कुलपूजा, विवाह, ........... आदि) मा गरिने क्रियाकलापहरूको बारेमा वृत्तचित्र (श्रव्य-दृश्य सामग्री) तयार गरी हाम्रा अभ्यासहरूको परिचय गराउने | • हामीले हाम्रो घरमा विभिन्न समयमा गरिने क्रियाकलापहरू (जन्मदिन, विवाह , .....आदि) मा गरिने कार्यहरू बताउन लगाउने | |
| कृषि तथा पशुपक्षीपालन | • कृषिको परिचय। <br>• हाम्रो खेतबारीमा उत्पादन हुने अनाज। <br>• स्थानीय कृषिमा प्रयोग गरिने औजारहरू | • स्थानीय कृषिको परिचय दिन <br>• हाम्रो खेतबारीमा उत्पादन हुने अनाज नाम बताउन । <br>• कृषिमा प्रयोग गरिने औजारहरूको नाम बताउन । | • स्थानीय कृषि र हाम्रो खेतबारीमा उत्पादन हुने अनाजहरूको सचित्र सूची । <br>• कृषिमा प्रयोग गरिने औजारहरूको नाम र चित्र । | • स्थानीय कृषि उत्पादनहरूको खेतबारीमा गई अवलोकन गराई सूची तयार गर्न लगाउने । <br>• कृषि कार्यमा प्रयोग हुने औजारहरू (कुटो, कोदालो, डल्लेठो ..........आदि) को सचित्र वर्णन गर्ने । | • स्थानीय कृषिको परिचय दिन लगाउने । <br>• कृषि बालीको नाम सोध्ने । <br>• कृषिको लागि प्रयोग हुने औजारहरूको नाम लेख्न लगाउने । | |
| उद्यमशीलता | • स्थानीय सिपको परिचय <br>• स्थानीय सिपको प्रयोगबाट उत्पादित | • स्थानीय सिपको परिचय दिन <br>• स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरूको सूची | • स्थानीय सिपको परिचय (डोको, डालो, मादल, फलाम तथा तामाको काम .......... गर्दै गरेको फोटो सहित) | • स्थानीय क्षेत्रमा अवलम्वन गर्दै आइरहेको रैथाने सिपलाई स्थानीय सिप भनिन्छ। यसप्रकारको सिप प्रयोग गरी स्थानीय व्यक्तिहरूले आफ्नो उद्यम | • स्थानीय सिप भनेको के हो ? प्रश्न सोध्ने । <br>• स्थानीय क्षेत्रमा सिप प्रयोग गरी उत्पादन गरिने स्थानीय वस्तुको | |

| कक्षा १ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | वस्तुहरू | बताउन | • स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरूको सूची (उत्पादित वस्तुको चित्र सहित ) | गर्ने गर्दछन् भनी परिचय दिने, साथै स्थानीय सिपको प्रयोग गरी वस्तु उत्पादन गर्दै गरेको (डोको, डालो, मादल, फलाम तथा तामा.......को काम गर्दै गरेको) फोटो सहित जानकारी गराउने<br>• स्थानीय सिपको प्रयोग गरीस्थानीय व्यक्तिबाट बाट उत्पादित वस्तुहरूको सूची, (उत्पादित वस्तुको चित्र सहित) प्रदर्शन गर्ने तथा आफ्नो घरमा तेस्ता वस्तु उत्पादन हुन्छन् भने कुन कुन वस्तुको उत्पादन हुन्छ भनी विद्यार्थीलाई समेत भन्न लगाउने | सूची तयार गर्न लगाउने | |
| अनुशासन, खेलकुद र स्वास्थ्य | • अनुशासनको परिचय<br>• स्वास्थ्यको परिचय | • आफूभन्दा ठुलालाई आदर सम्मान गर्नु<br>• व्यक्तिगत स्वास्थ्य प्रति सचेत रहन | • अनुशासनको परिचय<br>• व्यक्तिगत र सामाजिक अनुशासन<br>• स्वास्थ्यको परिचय | • सामाजिक रूपमा गरिने आदर र सम्मानको बारेमा परिचय दिने र तिमीले के गर्दछौ भनी भन्न लगाउने<br>• मानव स्वास्थ्यको जानकारी | • आफू भन्दा ठूलालाई गरिने सम्मान कसरी गर्दछौ भनी व्यवहार प्रदर्शन गर्न लागाउने | |

| कक्षा १ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | • व्यक्तिगत स्वास्थ्य | सक्ने ।<br>• स्वस्थ रहने उपायहरू बताउन । | • व्यक्तिगत स्वास्थ्य ।<br>• स्वस्थ बानी ।<br>• स्वस्थ रहने उपायहरू । | दिने ।<br>• स्वस्थ रहने बानी (हातको सफाई, कपालको सफाइ, नङको सफाइ............) को बारेमा बानी विकासमा जोड दिने क्रियाकलाप गराउने । | • स्वास्थ्य भनेको के हो ?<br>• स्वस्थ कसरी रहन सकिन्छ ?<br>• स्वस्थ रहने उपायहरू के के हुन् ? | |
| पर्यटन | • फूलबारी र बालउद्यान .<br>• दृश्यावलोकन | • आफ्नो वरपरको फूलबारी र बालउद्यानको परिचय दिन ।<br>• स्थानीय ठाउँबाट देखिने मनोरम दृश्यहरू बताउन | • स्थानीय क्षेत्रमा निर्माण गरिएका फूलबारी र बालउद्यानको परिचय<br>• स्थानीय दृश्यावलोकन स्थलको परिचय<br>• दृश्यावलोकनका मनोरम दृश्यहरू | • स्थानीय तहमा निर्माण र प्रयोगमा रहेका फूलबारी र बाल उद्यानको जानकारी प्रदान गर्न स्थलगत भ्रमण गराई परिचत गराउने<br>• स्थानीय दृश्यावलोकन स्थलको रूपमा परिचित स्थान वा भिउटावरको परिचय सहित उक्त स्थानबाट देखिने दृश्यहरूको जानकारी प्रदान गर्न विद्यार्थीहरूलाई दृश्यावलोकनमा सहभागी गराउने<br>• दृश्यावलोकनको माध्यमबाट देखिने मनोरम दृश्यहरू र ती दृश्यको परिचय समेत | • फूलबारीको परिचय दिन लगाउने .<br>• स्थानीय ठाउँबाट देखिने मनोरम दृश्यहरू बताउन लगाउने । | |

| कक्षा १ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | प्रदान गर्ने | | |
| व्यावहारिक तथा जीवनोपयोगी सिकाइ | • प्राकृतिक विपद्को परिचय ।<br>• विपद्बाट बच्ने उपायहरू ।<br>• जीवनोपयोगी सिप | • स्थानीय क्षेत्रमा भएका प्राकृतिक विपद्हरूको नाम बताउन ।<br>• प्राकृतिक विपद्बाट बच्ने उपायहरू भन्न ।<br>• जीवनोपयोगी सिप बताउन | • प्राकृतिक विपद्को परिचय ।<br>• प्राकृतिक विपद्को चित्र सहितको सूची ।<br>• प्राकृतिक विपदबाट बच्ने तथा सुरक्षित हुने उपायहरू ।<br>• जीवनोपयोगी सिपको चित्र | • प्राकृतिक विपद्हरूको उदाहरण सहित परिचय दिने।<br>• विभिन्न प्राकृतिक विपद्हरूको सचित्र जानकारी दिई समाजमा घटेका घटनाहरू भन्न लगाउने ।<br>• प्राकृतिक विपद्बाट बच्ने उपायहरूको अभ्यास गराई सुरक्षित हुने तरिका अभिनय गरी देखाउने ।<br>• जीवनोपयोगी सिपका चित्रहरू देखाउने । | • हालसालै घटेका दुईओटा प्राकृतिक प्रकोपको नाम भन्न लगाउने ।<br>• प्रकृतिक प्रकोपबाट बच्ने उपायहरू भन्न लगाउने ।<br>• जीवनोपयोगी सिपका नाम भन्न लगाउने । | |
| जैविक विविधता | • आफ्नो वरपर रहेका वन जङ्गलको परिचय<br>• स्थानीय क्षेत्रमा पाइने चराचुरुंगीहरू | • आफ्नो वरपर रहेका वन जङ्गलको नाम बताउन<br>• स्थानीय क्षेत्रमा पाइने चराचुरुंगीहरूको नाम भन्न | • स्थानीय क्षेत्रमा रहेका वनजङ्गलहरूको परिचय<br>• स्थानीय क्षेत्रमा वा वनजङ्गलमा पाइने चराचुरुंगीहरूको नाम र परिचय | • स्थानीयक्षेत्रमा रहेका वन जङ्गलहरूमा पाइने वनस्पति र अवस्थितिका आधारमा वनको परिचय दिने<br>• स्थानीय क्षेत्रमा वा वनजङ्गलमा पाइने चरा चुरुंगीहरू (कालिज, सुगा, मैना, लुइचे, जुरेली, .......... आदि) को चित्रसहित परिचय दिने र नाम लेख्न | • आफ्नो वडा वा गाउँमा रहेको वनको नाम भन्न लगाउने<br>• स्थानीय वनमा पाइने चराचुरुंगीको नाम भन्न लगाउने<br>• आफूले जानेको चराको चित्र बनाउन लगाउने | |

| कक्षा १ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | र चित्र बनाउन लगाउने | | |

| कक्षा २ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| विनयी-त्रिवेणी गाउँपालिका | • गाउँपालिकाको नामकरण ।<br>• आफू बसेको वडाको परिचय । | • विनयी-त्रिवेणी गाउँपालिकाको नामकरण पद्धति बताउन ।<br>• आफ्नो वडाको परिचय दिन । | • विनयी-त्रिवेणी गाउँपालिकाको पृष्ठभूमि विवरण ।<br>• विनयी-त्रिवेणी गाउँपालिका नामकरण ।<br>• गाउँपालिकाको वडाको परिचय । | • विनयी-त्रिवेणी गाउँपालिकाको ऐतिहासिक, जातजातिगत र वडागत विभाजन सम्बन्धी पृष्ठभूमिको जानकारी दिने ।<br>• गाउँपालिकाको वडाको बारेमा छलफल गराउने ।<br>• गाउँपालिका अन्तरगतका वडाहरूको भौगोलिक र सामाजिक विशेषता सहितको परिचय प्रदान गर्न गाउँपालिकाको बारेमा निर्माण गरिएको वृत्तचित्र प्रस्तुत गरी छलफल गर्ने | • गाउँपालिकाको नाम विनयी-त्रिवेणी कसरी रहन गएको हो ?<br>• आफू बसेको वडाको परिचय दिन लगाउने । | १५ |
| स्थानीय | • दाउन्नेदेवी मन्दिरको | • दाउन्नेदेवी मन्दिरको सांस्कृतिक परिचय | • दाउन्नेदेवी मन्दिर<br>• मन्दिरको धार्मिक, | • दाउन्नेदेवी मन्दिरको धार्मिक, सांस्कृतिक अवस्था र महत्त्व | • धार्मिक र सांस्कृतिक सम्पदाबारे प्रश्न | २१ |

| कक्षा २ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| सम्पदा | धार्मिक तथा सांस्कृतिक परिचय।<br>• स्थानीय भाषा। | दिन ।<br>• स्थानीय क्षेत्रमा बोलिने विभिन्न भाषाहरूको सूची तयार गर्न। | सांस्कृतिक अवस्था र महत्त्व।<br>• स्थानीय क्षेत्रमा बोलिने भाषा (मगर, खस, नेवार, .......... आदि) को परिचय । | सहित स्थानीय सम्पदाको रूपमा परिचय प्रदान गर्ने ।<br>• स्थानीय क्षेत्रमा बोलिने भाषाको वृत्तचित्र प्रस्तुत गर्ने र लिपिको परिचय प्रदान गर्ने। | सोध्ने।<br>• वृत्तचित्र हेरेर स्थानीय क्षेत्रमा बोलिने विभिन्न भाषाहरूको सूची प्रस्तुत गर्न लगाउने। | |
| परम्परागत अभ्यास | • स्थानीय खाद्य परिकार परिचय<br>• स्थानीय क्रियाकलाप र पोशाक | • स्थानीय खाद्य परिकारको परिचय बताउन<br>• स्थानीय समुदायमा मनाइने चाडपर्वहरूमा गरिने मुख्य मुख्य क्रियाकलाप बताउन<br>• स्थानीय समुदायले मनाउने चाडपर्वमा लगाउने पोशाकको परिचय दिन | • छरछिमेक र परिवारमा मनाइने चाडपर्वहरूमा खाइने खाद्य परिकार<br>• आफ्ना समुदायमा मनाइने चाडपर्वहरू ( दसैँ, तिहार, विभिन्न जात्रा...... आदि) मा गरिने मुख्य मुख्य क्रियाकलापहरू तथा लगाइने पोसाक<br>• स्थानीय पोशाक (दौरा सुरुवाल, टोपी, गुन्यु चोली, घलेक, मगर समुदायको पोशाक .......आदि) को | • छरछिमेक र परिवारमा मनाइने चाडपर्वमा खाइने स्थानीय खाद्य परिकारहरू (बटुक, सेलरोटी, खिर, मासु, गेडागुडी, खिचडी, ........... आदि)को परिचय र महत्त्व बताई त्यसवाट हुने फाइदाबारे छलफल गर्ने<br>• स्थानीय समुदायमा मनाइने चाडपर्वहरू (दशैं , तिहार, श्रीपञ्चमी, माघेसक्रान्ति, ...........आदि) मा गरिने क्रियाकलापहरू (खेलकुद, नाचगान, सराय नाच, मारुनी नाच, सोरठी नाच, बालन, भजन......आदि) का बारेमा | • स्थानीय खाद्य परिकार (बटुक, सेलरोटी, खिचडी, ........) को परिचय बताउन लगाउने।<br>• स्थानीय समुदायमा मनाइने चाडपर्वहरूमा सञ्चालन गरिने मुख्यमुख्य क्रियाकलापहरू बताउन लगाउने<br>• स्थानीय चाडपर्वमा लगाउने स्थानीय पोशाकको परिचय दिन लगाउने | १६ |

| कक्षा २ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | परिचय र जातिगत महत्त्व | विद्यार्थीहरूलाई अवलोकन गर्ने अवसर प्रदान गर्ने र कक्षामा छलफल गर्ने<br>• स्थानीय क्षेत्रमा चाडपर्व मनाउँदा वा विशेष अवसरमा लगाइने स्थानीय पोशाक ( दौरा सुरुवाल, टोपी, गुन्यु चोली, घलेक, मगर समुदायको पोशाक, …………आदि) को परिचय र जातिगत महत्त्व सहित परिचय दिने | | |
| कृषि तथा पशुपक्षीपालन | • स्थानीय बालिनालीका प्रकार ।<br>• नर्सरीको परिचय । | • स्थानीय बालिनालीको प्रकार भन्न ।<br>• नर्सरीको आवश्यकता र प्रयोग सम्बन्धी जानकारी दिन । | • स्थानीय कृषिमा आधारीत खाद्यबालीको सूची ।<br>• नगदेबालीको सूची ।<br>• फलफूल सूची ।<br>• तरकारी सूची ।<br>• नर्सरीको परिचय | • मौसम अनुसारका स्थानीय कृषि बाली अवलोकन गराउने<br>• स्थानीय कृषकहरूसँग बालिनाली सम्बन्धी स्थलगत जानकारी लिने ।<br>• कृषिमा आधारित वस्तु उत्पादनबारे उत्पादकसँग संवाद गराउने ।<br>• स्थानीय क्षेत्रमा रहेका कृषकका नर्सरी अवलोकन | • स्थानीय कृषि उत्पादनको बारेमा प्रश्न सोध्ने ।<br>• कृषिमा प्रयोग गरिने औजारहरूको सूची तयार गर्न लगाउने ।<br>• नर्सरीको परिचय भन्न लगाउने | २० |

| कक्षा २ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | गराई त्यसको परिचय बताउने | | |
| उद्यमशीलता | • स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरू<br>• स्थानीय सामग्रीको उपयोग वस्तु निर्माण | • स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरूको परिचय दिन<br>• स्थानीय सामग्रीको उपयोग गरी निर्माण गर्न सकिने वस्तुको सूची तयार गर्न | • स्थानीय सिपको प्रयोगबाट उत्पादित वस्तुहरू<br>• बाँसबाट निर्मित, काठबाट निर्मित वस्तु तथा सामग्रीको परिचय<br>• स्थानीय सामग्रीको उपयोग गरी निर्माण गर्न सकिने वस्तुको सूची | • स्थानीय सिपको प्रयोग गरी उत्पादन गरेको वस्तुहरूको निर्माणबारे जानकारी तथा वस्तु सम्बन्धी परिचय प्रदान गर्ने, स्थानीय व्यक्तिबाट स्थानीय वस्तुको प्रयोग गरी उत्पादन गरिने वस्तुहरू (धातुका सामग्री, काठका सामग्री, बाँसका सामग्री आदि) को सूची र उत्पादन गर्ने विधिको परिचय सहित जानकारी प्रदान गर्ने | • स्थानीय सिपको प्रयोग गरी स्थानीय क्षेत्रमा उत्पादन गरिने वस्तुहरूको परिचय दिन लगाउने<br>• स्थानीय कच्चा पदार्थको प्रयोग गरी निर्माण गरिने वस्तुको सूची तयार गर्न लगाउने | २१ |
| अनुशासन, खेलकुद र स्वास्थ्य | • व्यक्तिगत सरसफाइ र स्वास्थ्य<br>• योग तथा ध्यानको परिचय ।<br>• असल व्यवहार | • शारीरिक सफाइको महत्त्व बताउन<br>• योग तथा ध्यानको परिचय बताउन ।<br>• असल व्यवहारको बारेमा भन्न । | • शारीरिक सरसफाइ (हात खुट्टाको सफाइ, नङको सफाइ, कपालको सफाइ, दाँत तथा मुखको सफाइ, आँखाको सफाइ र सुरक्षा)<br>• योग तथा ध्यानको | • शारीरिक सरसफाइका तरिका बताई स्वस्थ रहने उपायहरूको बारेमा छलफल गर्ने<br>• योग र ध्यानको बारेमा संबन्धित विज्ञ व्यक्तिवाट परिचय गराउने ।<br>• योग तथा ध्यान सम्बन्धी | • शारीरिक सफाइको महत्त्व भन्न लगाउने<br>• योग तथा ध्यानको परिचय सोध्ने ।<br>• असल व्यवहार भनेको के हो ? लेख्न लगाउने | १६ |

**कक्षा २**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | परिचय<br>• असल व्यवहारको परिचय र महत्त्व | कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी गराउने ।<br>• असल व्यवहारको परिचय र महत्त्व बताउने<br>• सामाजिक रूपमा असल व्यवहारले परेको सकरात्मक प्रभावमा आधारित नाटक, कथा आदि सुनाई असल व्यवहारको धारणा निर्माण गर्ने। | | |
| पर्यटन | • स्थानीय पर्यटकीय क्षेत्र | • स्थानीय पर्यटकीय क्षेत्र रहेको स्थान बताउन ।<br>• जलयात्रा (मिर्मि विनयी-त्रिवेणी) | • स्थानीय पर्यटकीय क्षेत्रहरू ।<br>• पर्यटन व्यवसायमा जलयात्राको महत्त्व | • पर्यटकीय क्षेत्रहरूको स्थलगत भ्रमण गराउने ।<br>• पर्यटन व्यवसायमा जलयात्राको महत्त्वको बारेमा बताउने । | • पर्यटकीय क्षेत्र अवलोकन गर्दा प्राप्त अनुभवहरू प्रस्तुत गर्न लगाउने ।<br>• पर्यटन व्यवसायमा जलयात्राको महत्त्वप्रस्तुत गर्न लगाउने। | २० |
| व्यावहारिक तथा जीवनोपयोगी सिकाइ | • व्यक्तित्वको परिचय र योगदान ।<br>• लोपोन्मुख | • स्थानीय सामाजिक व्यक्तित्वको परिचय दिन ।<br>• स्थानीय सामाजिक | • स्थानीय क्षेत्रमा जन्म भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाएका | • स्थानीय प्रबुद्ध व्यक्तिहरूद्वारा लिखित पुस्तकहरू तथा उनीहरूको बारेमा प्रकाशित पुस्तकहरूको जानकारी दिने । | • स्थानीय क्षेत्रका प्रबुद्ध व्यक्तिहरूको नाम भन्न लगाउने ।<br>• प्रबुद्ध व्यक्तिहरूको | १५ |

| कक्षा २ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | क्षेत्रको परिचय । | व्यक्तित्वको योगदान उल्लेख गर्न ।<br>• स्थानीय लोपोन्मुख क्षेत्रहरूको परिचय दिन । | व्यक्तिहरूको विवरण र योगदान ।<br>• स्थानीय क्षेत्रमा लोपोन्मुख भाषा, जाति, धर्म आदिको परिचय । | • प्रबुद्ध व्यक्तिसँग भेटघाट तथा कुराकानी गर्ने गराउने<br>• सामाजिक रूपले पछाडि परेको तथा लोपोन्मुख स्थानीय क्षेत्र, भाषा, धर्म, वस्तु आदिको बारेमा जानकारी गराउने ।<br>• लोपोन्मुख क्षेत्रहरूको स्थलगत अवलोकन तथा भ्रमण गराउने। | योगदानबारे प्रश्न सोध्ने ।<br>• स्थानीय लोपोन्मुख क्षेत्रको सूची तयार गर्न लगाउने । | |
| जैविक विविधता | • आफ्नो वरपर रहेका वनजङ्गल र मुख्य वनस्पतिहरूको परिचय<br>• स्थनीय क्षेत्रमा पाइने चरा चुरुंगी जनावरहरू | • आफ्नो वरपर रहेका वनजङ्गलमा पाइने वनस्पतिको नाम बताउन<br>• स्थानीय क्षेत्रमा पाइने जनावरहरूको नाम र विशेषता भन्न | • स्थानीय वन जङ्गलमा पाइने मुख्य वनस्पतिहरूको परिचय र महत्त्व<br>• स्थानीय वनजङ्गलमा पाइने चराचुरुंगीहरूको नाम, परिचय र विशेषता | • स्थानीय वन जङ्गलहरूमा पाइने वनस्पति र तिनीहरूको विशेषताका आधारमा वन र वनस्पतिको परिचय दिने<br>• स्थानीय वनजङ्गलमा पाइने चराचुरुंगीहरू (कालिज, सुगा, मैना, लुइचे, जुरेली, .......... आदि) र जनावर (बाघ, चितुवा, बनेल, मृग, स्याल,...........आदि) को चित्रसहित परिचय र विशेषताका बारेमा जानकारी प्रदान गर्ने | • स्थानीय वन जङ्गलमा पाइने मुख्य वनस्पतिको परिचय दिन लगाउने<br>• स्थानीय वनमा पाइने जनावरको नाम र विशेषता भन्न लगाउने<br>• बाघको चित्र बनाउन लगाउने | १६ |

| कक्षा ३ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| विनयी-त्रिवेणी गाउँपालिका | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्था र हावापानी ।<br>• जनसंख्या । | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्था बताउन ।<br>• विनयी-त्रिवेणी गाउँपालिकाको हावापानीको प्रकृति बताउन ।<br>• गाउँपालिकाको जनसांख्यिकीय स्थितिको विवरण दिन । | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्थाको जानकारी ( भिरालो पाखा, मैदान, खोँच, पहाड, टाकुरा, नदी घाँटी, ... आदि ) ।<br>• विनयी-त्रिवेणी गाउँपालिकाको हावापानीको प्रकृति (उष्ण, शीतोष्ण, समशीतोष्ण....) ।<br>• विनयी-त्रिवेणी गाउँपालिकाको जनसंख्या (जनगणना २०६८ अनुसार), जातजातिको जनसंख्या, बसाइँसराइको अवस्था, ग्रामीण एवम् शहरीकरण उन्मुख अवस्था । | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक स्थितिको स्थलगत अवलोकन गराई मैदान, पहाड, नदी घाँटी आदिको सूची तयार पार्न लगाउने ।<br>• स्थानीय हावापानीको बारेमा आपसी छलफल गराई हावापानीको स्थिति वा प्रकृति स्पष्ट पार्ने ।<br>• जनगणना २०६८ अनुसार गाउँपालिकाको जनसंख्या, जातजातिको जनसंख्याको स्थिति खोजी गर्ने ।<br>• ग्रामीण एवम् शहरीकरण उन्मुख अवस्थालाई स्पष्ट पार्ने । | • स्थानीय भौगोलिक क्षेत्रको बारेमा प्रश्न सोध्ने ।<br>• संक्षिप्त उत्तरात्मक प्रश्नको निर्माण गरी हावापानीको प्रकृति सोध्ने ।<br>• विनयी-त्रिवेणी गाउँपालिकाको जनसंख्या, जातजातिको विवरण लेख्न लगाउने ।<br>• आ-आफ्नो गाउँमा भएका बसाइँसराइको वर्तमान अवस्था सम्बन्धी प्रश्न सोध्ने । | १५ |
| स्थानीय सम्पदा | • स्थानीय संस्कृति र सम्पदाको परिचय । | • स्थानीय संस्कृति र | • स्थानीय संस्कृतिको स्वरूप बोटे, माझी, खस, मगर, | • विभिन्न सांस्कृतिक कार्यक्रममा सहभागी | • स्थानीय संस्कृतिका विभिन्न पक्षबारे लेख्न | २१ |

| कक्षा ३ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | • स्थानीय भाषा । <br> • स्थानीय जीवन्त सम्पदाको परिचय। | सम्पदाको विभिन्न स्वरूपको परिचय दिन । <br> • स्थानीय संस्कृति र सम्पदाको महत्त्व केलाउन । <br> • स्थानीय जातजातिमा प्रचलित मातृभाषाको परिचय दिन । <br> • स्थानीय जीवन्त सम्पदाको परिचय दिन । | नेवार, ............आदिको संस्कृति <br> • हिन्दु, बौद्ध संस्कृति र तिनीहरूका मुख्य सम्पदाको परिचय, मुख्य अभ्यासहरू । <br> • स्थानीय मातृभाषाको परिचय ( गुरुङ्ग, मगर, नेवार, खस नेपाली ..........आदि ।) <br> • स्थानीय लोकजीवन्त सम्पदा (लोककथा, लोकनाच, लोकगीत , लोकबाजा, लोकोक्ति ............ आदि ) को परिचय । | गराई झाँकी अवलोकन गराउने । <br> • हिन्दु, बौद्ध संस्कृति र तिनीहरूका मुख्य सम्पदाको अवलोकन गराउने । <br> • स्थानीय संस्कृतिमा आधारित संवाद प्रतियोगिता आयोजना गर्ने । <br> • हिन्दु र बौद्ध संस्कृति झल्किने वृत्तचित्र प्रदर्शन गर्ने । <br> • स्थानीय लोकजीवन्त सम्पदा (लोककथा, लोकनाच, लोकगीत , लोकबाजा, लोकोक्ति ............ आदि) का उदाहरण प्रस्तुत गर्ने। | लगाउने । <br> • स्थानीय भाषा र जातिगत अवस्था सम्बन्धी प्रश्न गर्ने । <br> • स्थानीय जीवन्त सम्पदाको परिचय दिन लगाउन <br> • स्थानीय लोकजीवन्त सम्पदा (लोककथा, लोकनाच, लोकगीत , लोकबाजा, लोकोक्ति आदि) लेख्न लगाउने | |
| परम्परागत अभ्यास | • अतिथि सत्कार <br> • स्थानीय क्रियाकलाप र | • स्थानीय अतिथि सत्कारका परम्पराको | • अतिथि सत्कार र परम्परा <br> • अतिथि देवो भवः र | • छरछिमेक र परिवारमा गरिने अतिथि सत्कार र परम्परा बताई अतिथि | • अतिथि सत्कार परम्परा भन्न लगाउने <br> • स्थानीय क्षेत्रमा अतिथि | १६ |

| कक्षा ३ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | पोशाक | परिचय दिन<br>• अतिथि सत्कारमा गरिने स्थानीय क्रियाकलाप बताउन<br>• स्थानीय समुदायले लगाउने पोशाकको महत्त्व बताउन | सामाजिक संस्कार<br>• आफ्ना समुदायमा अतिथि सत्कारमा गरिने स्थानीय क्रियाकलाप<br>• स्थानीय सामाजिक क्रियाकलापमा स्थानीय पोशाक (दौरा सुरुवाल, टोपी, गुन्यु चोली, घलेक, मगर समुदायको पोशाक............आदि) लगाउनुको महत्त्व र जातिगत पहिचान | देवो भवः र सामाजिक संस्कारबारे छलफल गर्ने<br>• आफ्ना समुदायमा अतिथि सत्कारमा गरिने स्थानीय क्रियाकलाप (ढोग, नमस्कार, सम्मान .........आदि) तथा गरिने क्रियाकलापहरू (नाचगान आदि)को बारे कक्षामा छलफल गर्ने<br>• विशेष अवसरमा लगाइने स्थानीय पोशाक (दौरा सुरुवाल, टोपी, गुन्यु चोली, घलेक, मगर समुदायको पोशाक........आदि) को जातिगत महत्त्व र त्यसले दिने जातिगत पहिचानका बारेमा छलफल गरी पोशाकको महत्त्व बताउने । | सत्कारमा गरिने क्रियाकलापहरू के के हुन् ?<br>• स्थानीय समुदायका मुख्य क्रियाकलाप र सो अवसरमा लगाइने पोशाकको महत्त्व बारे प्रश्न सोध्ने । | |

| **कक्षा ३** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| कृषि तथा पशुपक्षीपालन | • अन्नबाली र नगदेबाली<br>• पशुपंछीपालन<br>• आधुनिक कृषि प्रणाली | • अन्नबाली र नगदेबालीको फरक बताउन<br>• पशुपालनबाट हुने फाइदा लेख्न<br>• आधुनिक कृषि प्रविधिको परिचय दिन | • अन्नबाली (धान, मकै, कोदो, गहुँ ........आदि)को उत्पादन तरिका<br>• नगदेबाली (तरकारी, फलफूल.........आदि ) ले पारेको प्रभाव<br>• नगदेबाली र अन्नबालीको भिन्नता<br>• स्थानीय पशुपंछीपालन र यसका फाइदा<br>• आधुनिक कृषि प्रविधि (टनेल खेती, कलमी ..... आदि) | • स्थानीय क्षेत्रमा उत्पादन गरिने अन्नबालीको खेतबारीमा गई अवलोकन गर्ने र उत्पादनका तरिका साथै आवश्यक मौसम अनुसार हुने उत्पादनको जानकारी गराउने<br>• नगदेबालीको रूपमा स्थानीय स्तरमा उत्पादन हुने बाली (तरकारी, फलफूल खेती............. आदि) को किसानको खेतबारीमा गई उत्पादन विधि र यसले पारेको सकारात्मक प्रभावको जानकारी प्रदान गर्ने<br>• नगदेबाली र अन्नबालीको (उत्पादन विधि, मौसम, आयआर्जन.........आदि) फरक तयार गरी प्रस्तुत गर्ने | • अन्नबाली र नगदेबालीको फरक लेख्न लगाउने<br>• पशुपालनबाट हुने फाइदा लेख्न र भन्न लगाउने<br>• आधुनिक कृषि प्रविधिको बारेमा आफूले देखेका र अनुभव गरेका आधारमा परिचय  दिन लगाउने | २० |

| कक्षा ३ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | • स्थानीय परम्परागत पशुपंछी (गाईभैँसी, बाखा, बंगुर, कुखुरा, हाँस ..... आदि) पालन<br>• पशुपंछीपालनका फाइदाहरू<br>• आधुनिक कृषि प्रविधिको जानकारीसँगै कृषि फारामको अवलोकन गराई आधुनिक कृषि प्रविधिको परिचय गराउने | | |
| उद्यमशीलता | • परम्परागत सिप एवम् उद्यमशीलता<br>• स्थानीय व्यापार व्यवसाय<br>• स्थानीय उद्योगहरू | • परम्परागत सिपमा आधारित उद्यमको परिचय दिन<br>• स्थानीय रूपमा संचालित परम्परागत सिपमा आधारित | • परम्परामा आधारित सिपहरू (डोको बुन्ने, भकारी बुन्ने, काठका भाँडा बनाउने, कृषि औजार तथा घरेलु हतियार निर्माण ......... आदि)<br>• स्थानीय उद्योग र आर्थिक क्रियाकलाप | • स्थानीय परम्परागत सिपको परिचय दिन लगाउने ।<br>• स्थानीय परम्परागत सिपमा आधारित स्थानीय परम्परागत सिपमा आधारित उद्यमको अवलोकन गराई उत्पादित वस्तुको परिचय सहित सूची | • परम्परागत सिपमा आधारित पेशाको परिचय दिन लगाउने ।<br>• परम्परागत सिपबाट उत्पादित वस्तुको सूची तयार गर्न लगाउने ।<br>• स्थानीय उद्योगको सूची तयार पार्न लगाउने । | २१ |

| कक्षा ३ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | सन्तुलन | बताउन<br>• स्थानीय क्षेत्रमा पाइने चराचुरुंगी, किट पतग तथा जनावरहरूको परिचय दिन<br>• किटनासक औषधिको प्रयोगले जैविक विविधतामा पर्ने प्रभाव लेख्न | • स्थानीय क्षेत्रमा पाइने चराचुरुंगी (कालिज, सुगा, मैना, काग, चिल, गिद्द,), किट पतंग, भ्यागुता, सर्प, गड्यौँला, माछा, जनावर (बाघ, चितुवा, हाब्रे, घोरल,........आदि) हरू र वातावरण सन्तुलनमा यिनीहरूको महत्त्व<br>• किटनासक औषधिको प्रयोगले जैविक विविधतामा परेको नकारात्मक प्रभाव र रोकथामका उपायहरू | जानकारी प्रदान गर्नुको साथै तिनीहरूबिचको अन्तरसम्बन्धसमेत बताउने<br>• स्थानीय क्षेत्रमा पाइने चराचुरुंगी (कालिज, सुगा, मैना, काग, चिल, गिद्द,), किट पतङ्ग भ्यागुता, सर्प, गड्यौला, माछा, जनावर (बाघ, चितुवा, हाब्रे, घोरल,........आदि) हरू र वातावरण सन्तुलनमा यिनीहरूको महत्त्वबारे जानकारी गराउँदै वातावरणीय रूपमा यी पक्षको लोप भएमा वातावरणंमा पर्नसक्ने नकारात्मक प्रभाव उल्लेख गरी जानकारी प्रदान गर्ने<br>• किटनाशक औषधिको प्रयोगले जैविक विविधतामा पारेको नकारात्मक प्रभाव र रोकथामका उपायहरू विज्ञ व्यक्तिसँगको छलफल आयोजना गरी जानकारी प्रदान गर्ने | सन्तुलन कायम गर्न सकिने कुनै ५ पक्षहरू लेख्न लगाउने<br>• स्थानीय क्षेत्रमा पाइने किट पतङ्ग तथा अन्य पक्षको परिचय दिन लगाउने<br>• किटनाशक औषधिको प्रयोगले जैविक विविधतामा कसरी प्रभाव पर्दछ भनी लेख्न र भन्न लगाउने<br>• जैविक विविधता संरक्षण गर्नका लागि गर्नुपर्ने कार्यहरू लेख्न लगाउने | |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| विनयी-त्रिवेणी गाउँपालिका | • जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकार<br>• गाउँपालिकाका सेवाका क्षेत्रहरू | • जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकारहरू भन्न ।<br>• गाउँपालिकाले प्रदान गर्ने सेवाका क्षेत्रहरूको सूची तयार गर्न । | • गाउँपालिकाका जनप्रतिनिधिहरूको निर्वाचन र जनप्रतिनिधिको समय अवधि ।<br>• निर्वाचित जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकारहरू<br>• वडा विभाजनका कानुनी तथा व्यवहारिक आधार ।<br>• गाउँपालिकाले प्रदान गर्ने सेवाहरू (स्वास्थ्य सेवा, न्याय सेवा, पञ्जीकरण, प्रशासनिक...... आदि) | • गाउँपालिकामा जनप्रतिनिधिको निर्वाचन सम्बन्धी कानुनी तथा संवैधानिक प्रक्रिया र जनप्रतिनिधिको समयावधिको बारेमा भएका नीतिगत व्यवस्थाको टिपोट गरी कक्षामा छलफल सञ्चालन गर्ने ।<br>• जनताहरूको मतदानबाट निर्वाचित हुने प्रक्रियालाई बताउँदै यसरी निर्वाचित जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकारलाई स्थानीय शासन सञ्चालन ऐन विद्यार्थीहरूलाई अध्ययन गर्न लगाई भन्न लगाउने साथै जनप्रतिनिधिहरूको कार्यको आधारमा तुलना गर्न | • जनप्रतिनिधिहरूको काम, कर्तव्य र अधिकार भन्न लगाउने ।<br>• गाउँपालिकाले प्रदान गर्ने सेवाहरूको सूची तयार गर्न लगाउने । | १२ |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | लगाउने ।<br>• | | |
| | • विनयी-त्रिवेणी गाउँपालिकाको भूबनोट, हावापानी र वनस्पति | • विनयी-त्रिवेणी गाउँपालिकाको भूबनोट, हावापानी र वनस्पतिको परिचय दिन | • गाउँपालिकाको भूबनोट (मैदान, महाभारत पर्वत, नदी निर्मितमैदान.....आदि)<br>• गाउँपालिकाको हावापानी (उष्ण, समशीतोष्ण, शीतोष्ण .........आदि ) | • गाउँपालिकाको भूबनोट (मैदान, महाभारत पर्वत, नदी निर्मित मैदान...........आदि)को बारेमा गाउँपालिकाको नक्साको प्रयोग गरी भौगोलिक अवस्थाको बारेमा परिचित गराउने<br>• गाउँपालिकामा पाइने हावापानी (उष्ण, समशीतोष्ण, शीतोष्ण .............आदि) को परिचय प्रदान गर्ने | • गाउँपालिकाको भूवनोट (मैदान, महाभारत पर्वत, नदीनिर्मित मैदान... आदि)को बारेमा गाउँपालिकाको नक्साको प्रयोग गरी भौगोलिक अवस्थाको बारेमा परिचय दिन लगाउने<br>• विनयी-त्रिवेणी गाउँपालिकाको, हावापानीको परिचय दिन लगाउने<br>• गाउँपालिकामा पाइने हावापानीका प्रकार लेख्न लगाउने | |
| | • जनसंख्या, जातजाति र भाषा | • गाउँपालिकाको जनसंख्या र जातजातिको जनसंख्या बताउन | • गाउँपालिकाको जनसंख्या र जातजाति<br>• स्थानीय जातजातिले बोल्ने भाषा र लिपिको | • गाउँपालिकाको जनसंख्या तथा स्थानीय जातजातिको जनसांख्यिक अवस्थाको बारेमा गाउँपालिकाले प्रकाशन गरेको तथ्याङ्कमा | • गाउँपालिकाको जनसंख्या र जातजाति संख्या सोध्ने<br>• स्थानीय जातजातिले | |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | • स्थानीय जातजातिले बोल्ने भाषा र लिपिको बारेमा परिचय दिन<br>• स्थानीय क्षेत्रमा बोलिने भाषा तथा मातृभाषाको सामाजिक र प्रशासनिक प्रयोगको अवस्था बताउन । | परिचय<br>• स्थानीय भाषा तथा मातृभाषा, भाषाको सामाजिक र प्रशासनिक प्रयोगमा कानुनी आधार, शैक्षिक प्रयोग .... आदि । | आधारित भई प्रस्तुत गर्ने<br>• स्थानीय क्षेत्रमा बोलिने भाषा र लिपिको परिचय प्रदान गर्ने । ती भाषाको सामाजिक तथा प्रशासनिक क्षेत्रमा हुने प्रयोगको अवस्था, जटिलता र महत्त्व समेत बताउने । | बोल्ने भाषा र लिपिको परिचय दिन लगाउने<br>• स्थानीय क्षेत्रमा बोलिने मातृभाषाको स्थानीय प्रशासनिक प्रयोगको अवस्था लेख्न र प्रस्तुत गर्न लगाउने । | |
| स्थानीय सम्पदा | • धार्मिक सम्पदा | • स्थानीय क्षेत्रमा मानिने विविध धर्म ( हिन्दु, बौद्ध, , ... आदि) को परिचय दिन ।<br>• स्थानीय क्षेत्रमा रहेका धार्मिक सम्पदा स्थलको परिचय र महत्त्व बताउन | • धर्मको परिचय स्थानीय क्षेत्रमा मानिने विभिन्न धर्महरू (हिन्दु, बौद्ध, इसाइ ...... आदि) को परिचय र स्थानीय क्षेत्रमा तिनीहरूको अवस्था ।<br>• स्थानीय क्षेत्रमा रहेका धार्मिक सम्पदा स्थलहरू (मठ, मन्दिर, गुम्बा............ आदि)को धार्मिक, | • स्थानीय क्षेत्रका विभिन्न समुदायले अवलम्बन गर्ने धर्महरू (हिन्दु, बौद्ध, ..... आदि) को छुट्टाछुट्टै परिचय दिई तिनीहरूको भिन्नतालाई सामान्य रूपमा प्रस्तुत गर्ने । विद्यार्थीहरूले आफूले अनुभव गरेका धार्मिक विश्वास, मूल्य र मान्यताका आधारमा आफूले मान्ने धर्मको | • स्थानीय क्षेत्रमा मानिने धर्महरूमध्ये कुनै दुईको परिचय लेख्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा रहेका धार्मिक सम्पदा स्थलको परिचय र महत्त्व बताउन लगाउने । | १३ |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | ऐतिहासिक महत्त्व | बारेमा लेख्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा रहेका धार्मिक सम्पदा स्थलहरू (गजेन्द्रमोक्ष, दाउन्नेदेवी मन्दिर, गुम्बा, त्रिवेणी धाम ............ आदि) को धार्मिक, ऐतिहासिक महत्त्वको बारेमा स्थानीय प्रबुद्ध व्यक्तिसँग छलफल सञ्चालन गर्ने | | |
| | • ऐतिहासिक सम्पदा | • स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक सम्पदाको परिचय दिन | • स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक सम्पदा र सम्पदा स्थलहरू (दरबार, ऐतिहासिक बस्ती .......... आदि ) को परिचय, ऐतिहासिक महत्त्व | • स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक सम्पदा र सम्पदा स्थलहरू (दरबार, ऐतिहासिक बस्ती .......आदि)को ऐतिहासिक महत्त्वको बारेमा स्थानीय व्यक्तिसँग छलफल सञ्चालन गर्ने | • स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक सम्पदाको परिचय लेख्न लगाउने | |
| | • सांस्कृतिक सम्पदा | • स्थानीय संस्कृतिमा आधारित लोक विश्वास, लोककथा र किम्बदन्तीहरूको | • लोकविश्वास, लोककथा र किम्बदन्तीहरू<br>• स्थानीय कला, संगीत र साहित्यको परिचय र | • स्थानीय समुदायमा प्रचलित संस्कृतिमा आधारित लोक विश्वासहरू तथा लोककथा र | • स्थानीय धार्मिक तथा संस्कृतिमा आधारित लोकविश्वास, लोककथा र किंबदन्तीको महत्त्व | |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | महत्त्व बताउन ।<br>• स्थानीय कला र संगीतको महत्त्वसहित परिचय दिन । | महत्त्व | किंवदन्तीहरूको परिचय प्रस्तुत गर्दै सामाजिक जीवनमा ती विषयहरूको महत्त्वलाई टिपोट गरी विश्लेषण गर्ने ।<br>• स्थानीय क्षेत्रका कला, संगीत (लोक, आधुनिक ...... आदि) को परिचय प्रस्तुत गरी महत्त्वलाई बुझाउने र संरक्षणका उपायहरू खोजी गर्न लगाउने ।<br>• स्थानीय साहित्यको बारेमा विशिष्ट व्यक्तिसँग छलफल गरी स्थानीय साहित्यको सामाजिक महत्त्व बताउने । | भन्न लगाउने ।<br>• स्थानीय कला, साहित्य र संगीतको महत्त्व बताउन लगाउने । | |
| परम्परागत अभ्यास | • ब्रत, उपबास र एकान्तबास<br>• संस्कारको परिचय | • ब्रत,उपबास र एकान्तबासको परिचय तथा धार्मिक महत्त्व बताउन<br>• जन्म, विवाह, मृत्यु | • ब्रत, उपबास र एकान्तबास परिचय र महत्त्व<br>• जन्म, विवाह र मृत्यु संस्कार तथा परम्परा | • ब्रत, उपबास र एकान्तबासको परिचय र तथा धार्मिक महत्त्वबारे स्थानीय विज्ञसँग छलफल सञ्चालनगर्ने | • ब्रत, उपबास र एकान्तबासको परिचय र धार्मिक महत्त्व बताउन लगाउने ।<br>• जन्म, विवाह, मृत्यु | ९ |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | संस्कार (जात जातिगत)को परिचय दिन | | • जन्म, विवाह, मृत्यु संस्कार (जात जातिगत)को परिचय दिन जातजातिगत पण्डित हरूसँग छलफल सञ्चालन गर्ने | संस्कार (जात जातिगत) को परिचय दिन लगाउने । | |
| | • खाद्य परिकार निर्माण र सेवन | • स्थानीय खाद्य परिकार निर्माण र सेवनको सामाजिक परम्परा बताउन | • खाद्य परिकार र सामाजिक परम्परा | • स्थानीय खाद्य परिकार (बटुक, सेलरोटी, विरम्ला, खिर, दाल भात, खिचडी...... आदि) निर्माण र सेवनको सामाजिक परम्पराको बारेमा कक्षामा छलफल गर्ने | • स्थानीय खाद्य परिकार निर्माण र सेवनको सामाजिक विधि लेख्न र बताउन लगाउने | |
| | • स्थानीय कच्चा पदार्थमा आधरित वस्तु<br>• बाँसका सामग्री | • स्थानीय कच्चा पदार्थमा आधरित वस्तु उत्पादनका विधि बताउन<br>• बाँसका सामग्री निर्माण, उत्पादन गर्न | • स्थानीय कच्चा पदार्थमा आधरित वस्तु (मादल, माछा मार्ने जाल , ......... आदि) उत्पादन, भण्डारण र बिक्रीवितरण<br>• काठका सामग्री निर्माण, उत्पादन र बिक्रीवितरण<br>• बाँसका सामग्री निर्माण, उत्पादन र बिक्रीवितरण | • स्थानीय कच्चा पदार्थमा आधारित वस्तु( मादल, माछा मार्ने जाल , ......... आदि) उत्पादनका लागि स्थानीय उद्यमीहरूसँग सहकार्य गरी सिपविकास गराउने र विद्यालयले आवश्यक सहयोग गरी सामग्री | • स्थानीय कच्चा पदार्थमा आधारित वस्तु उत्पादनका विधि लेख्न र बताउन लगाउने<br>• बाँसका सामग्री निर्माण, उत्पादन गरी प्रदर्शन गर्न लगाउने | ३५ |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | प्रदर्शनीको व्यवस्था मिलाउने<br>• निम्नानुसारका सिपविकासमा आधारित रही स्थानीय विज्ञबाट कक्षा सञ्चालन गर्ने<br>• काठका सामग्री विकास,उत्पादन र विक्रिवितरण<br>• बाँसका सामग्री (डोको, डालो, थुन्से, कुर्ची, टेवल, मोडा ...आदि)को निर्माण, उत्पादन तथा विक्रीवितरण | | |
| कृषि तथा पशुपक्षीपालन | • प्राङ्गारिक कृषि<br>• माछापालन<br>• कृषि व्यवसायका चुनौतीहरू र सम्भावना<br>• बजार व्यवस्थापन | • प्रांगारिक कृषिको परिचय र महत्त्व बताउन<br>• माछापालनका प्राविधिक पक्षहरू बताउन<br>• स्थानीय कृषि व्यवसायका सम्भावना | • प्राङ्गारिक कृषिको परिचय र महत्त्व<br>• **माछापालन** (पोखरी निर्माण, पानीको गुण , आहार व्यवस्थापनका तरिका तथा अन्य प्राविधिक नक्शाहरू<br>• स्थानीय व्यावसायिक | • प्राङ्गारिक खेती एउटा समग्र उत्पादन प्रणाली हो जसको मूल आधार कृषि र पशुपालन हो । कृषिजन्य वस्तुहरू जस्तै खाद्यान्न, फलफूल, दूध एवंम् दूधजन्य पदार्थ, मासु, अण्डा, कपासको उत्पादन | • प्राङ्गारिक कृषिको परिचय र महत्त्व बताउन लगाउन<br>• माछापालनका प्राबिधिक पक्षहरू बताउन लगाउने<br>• माछापालनका प्राबिधिक पक्षहरू अवलोकन गरी संक्षिप्त रिपोर्ट तयार | १५ |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | र चुनौतीहरू बताउन<br>• स्थानीय कृषि उत्पादनको बजार व्यवस्थापनमा गाउँपालिकाको भूमिका बताउन । | तरकारी खेती, फलफूल खेती (सुन्तला, नासपाती .... आदि), पशुपालन, माछापालन, कुखुरापालनका प्राविधिक तथा व्यवसायिक चुनौतीहरू ।<br>• स्थानीय कृषि उत्पादनको बजार व्यवस्थापन, गाउँपालिकाको भूमिका, सम्भावना र चुनौतीहरू | तथा यी वस्तुहरूको प्रशोधन प्राङ्गारिक पद्धतिबाट गरिन्छ । यसले आफ्नो फार्म भन्दा बाहिरबाट आपूर्ति हुने कृत्रिम कृषि सामाग्रीहरू जसले वातावरण र स्वास्थ्यमा प्रतिकूल असर पार्छ, त्यस्तालाई निरुत्साहित गर्छ र आन्तरिक व्यवस्थापनलाई बढी जोड दिन्छ । प्राङ्गारिक खेतीको मुख्य उद्देश्य भनेको पारिस्थितिक प्रणालीमा सन्तुलन, कम लागतमा गुणस्तरीय खाद्यवस्तु उत्पादन हो । यसरी प्राङ्गारिक कृषिको परिचय र महत्त्व बताउने<br>• माछापालनको लागि आवश्यक पर्ने आधारभूत पक्षहरूको अवलोकन गरी संक्षिप्त रिपोर्ट तयार गर्न | गर्न लगाउने<br>• स्थानीय कृषि व्यवसायका सम्भावना र चुनौतीहरू लेख्न लगाउने । | |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | लगाउने र प्रस्तुत गर्न लगाई रिपोर्टको बारेमा कक्षा छलफल सञ्चालन गर्ने<br>• स्थानीय स्तरमा अवलम्बन गरिएका कृषि व्यवसाय (तरकारी, फलफूल, पशुपालन ...... आदि) को सामाजिक, व्यवसायिक र पर्यावरणीय सम्भावना, चुनौतीहरूको बारेमा कक्षामा स-साना समूह बनाई छलफल गर्ने | | |
| अनुशासन, स्वास्थ्य र खेलकुद | • सामाजिक व्यवहार<br>• अधिकार र कर्तब्य | • सामाजिक शिष्टाचार निर्वाह गर्न<br>• सामाजिक विविधताको सम्मान गर्न<br>• समूहमा काम गर्ने बानीको विकास गर्न<br>• सामाजिक अधिकार र कर्तव्यको पालना गर्न | • सामाजिक शिष्टाचार<br>• अरुको धर्म, संस्कृति र विचारको सम्मान<br>• विभेदरहीत व्यवहार<br>• सामाजिक अधिकार र कर्तव्य<br>• | • सामाजिक शिष्टाचारसँग सम्बन्धित हाम्रा परम्परागत व्यवहार तथा अनुशासनका बारेमा छलफल गर्ने<br>• अरुको धर्म, संस्कृति र विचारको सम्मान गर्न सामाजिक व्यवहार विकास गर्न आवश्यक कार्यहरूको | • सामाजिक शिष्टाचारसँग सम्बन्धित व्यवहारको पालना गर्न लगाउने<br>• सामाजिक विविधताको सम्मान गर्न र समूहमा काम गर्न लगाउने<br>• विविध क्षमता र संस्कृति भएका व्यक्तिहरूसँग मिली हाम्रो सामाजिक | १२ |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | परिचय सहित त्यसको प्रभाव समेत समावेश गरी विषयवस्तु प्रस्तुत गर्ने <br>• सामाजिक भिन्नताका आधारमा सबैलाई सम्मान गर्दै समूहमा काम गर्ने र सामूहिक जवाफदेहिताको प्रक्रियामा आफूलाई समावेश गर्ने बानीको विकास गर्ने <br>• सामाजिक र व्यक्तिगत अधिकार र कर्तब्यको बारेमा छलफल गर्ने | व्यवहारको बारेमा रिपोर्ट तयार गर्न लगाउने | |
| | • **स्वास्थ्य** <br>• शुद्धीकरणका स्थानीय विधिहरू <br>• योग अभ्यास | • स्थानीय क्षोत्रमा अवलम्बन गरिने शुद्धीकरणका प्रचलित विधिहरू प्रस्तुत गर्न । <br>• योगको अभ्यास गर्न र महत्त्व बताउन | • स्थानीय क्षोत्रमा अवलम्बन गरिने शुद्धीकरण पद्धतिको परिचय, महत्त्व र फाइदाहरू । <br>• योग अभ्यास र स्वास्थ्यमा यसको महत्त्व | • विज्ञ व्यक्तिबाट शुद्धीकरणका विशेषताहरू र महत्त्व सम्वन्धमा कक्षा छलफल सञ्चालन गर्ने र विद्यार्थीको जिज्ञासा समेत राख्न लगााई स्पष्ट पार्ने । <br>• स्थानीय विज्ञबाट योगको महत्त्वको जानकारी सहित योग अभ्यास गराउने | • स्थानीय क्षेत्रमा अवलम्वन गरिने शुद्धीकरणका प्रचलित विधिहरू प्रस्तुत गर्न लगाउने । <br>• योगको अभ्यास प्रस्तुत गर्न लगाउने <br>• योग अभ्यासको महत्त्वको बारेमा बताउन | |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | | लगाउने | |
| पर्यटन | • पर्यटन र विकासका रणनीतिहरू<br>• | • स्थानीय पर्यटनका आधारहरूको परिचय दिन<br>• बाह्य तथा आन्तरिक पर्यटन विकासका लागि गाउँपालिकाले निर्माण गरेका रणनीतिहरू लेख्न | • स्थानीय पर्यटनका आधारहरू (जलयात्रा , शक्तिपीठको रूपमा आलमदेवी दर्शन, .......... आदि ) को परिचय<br>• बाह्य तथा आन्तरिक पर्यटन विकासका लागि गाउँपालिकाले निर्माण गरेका रणनीतिहरू | • स्थानीय पर्यटनका विशिष्ट आधारहरूको खोजी गरी प्रस्तुत गर्ने<br>• बाह्य तथा आन्तरिक पर्यटन विकासका लागि गाउँपालिकाले निर्माण गरेका रणनीतिहरूको बारेमा छलफल गर्ने | • स्थानीय पर्यटनका विशिष्ट आधारहरूको परिचय दिन लगाउने<br>• बाह्य तथा आन्तरिक पर्यटन विकासका लागि गाउँपालिकाले निर्माण गरेका रणनीतिहरू लेख्न लगाउने | १२ |
| | • पर्यटन र आर्थिक विकासका आधार | • पर्यटन र आर्थिक विकासका आधार बताउन | • पर्यटन र आर्थिक विकासका आधार | • पर्यटनको मध्यमबाट स्थानीय क्षेत्रमा हुने आर्थिक गतिविधि र रोजगार प्रवर्द्धनमा पुऱ्याउने सहयोग सम्बन्धमा स्थानीय क्षेत्रमा पर्यटन व्यवसायमा संलग्न व्यक्तिसँग छलफल सञ्चालन गरी जानकारी प्रदान गर्ने | • पर्यटन र आर्थिक विकासका आधार बताउन लगाउने | |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| व्यावहारिक तथा जीवनोपयोगी शिक्षा | • सूचना र प्रविधिको प्रयोग<br>• स्थानीय सम्पदा संरक्षणमा स्थानीय योजना र कार्यक्रम | • सूचना प्रविधिको प्रयोगले पुऱ्याएका फाइदा बताउन<br>• सम्पदा संरक्षणमा स्थानीय योजना र कार्यक्रमबारे बताउन | • सूचना प्रविधिको बढ्दो प्रभाव र यसका फाइदाहरू<br>• स्थानीय सम्पदा (मठ, मन्दिर, गुम्बा, सिमसार क्षेत्र, झरना ..... आदि) को संरक्षणसम्बन्धी योजना र कार्यक्रमहरू । | • आधुनिक सूचना प्रविधिको विकास र विस्तारले मानवीय क्रियाकलापमा पुऱ्याएको मद्दत र यसका फाइदा ,बेफाइदाहरूबारे कानुनी र व्यावहारिक पक्षको समेत जानकारी गराउँदै सचेत र प्रयोगमा क्रियाशील बनाउने ।<br>• स्थानीय धरोहरहरू, सामाजिक सम्पदा (मठ, मन्दिर, गुम्बा ..... आदि) को ऐतिहासिक तथा सामाजिक महत्त्वको बारेमा जानकारी गराउँदै स्थानीय क्षेत्रले संरक्षणका लागि गरेका पहल, योजना र कार्यहरूको बारेमा छलफल गरी जानकारी गराउने । | • सूचना प्रविधिको प्रयोगले पुऱ्याउने फाइदा भन्न लगाउने।<br>• सम्पदा संरक्षणको लागि निर्माण गरिएका स्थानीय योजना र कार्यक्रमको परिचय दिन लगाउने । | १० |
| जैविक विविधता | • स्थानीय क्षेत्रमा पाइने वन्यजन्तुको संरक्षणको अवस्था | • स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु र तिनीहरूको संरक्षणका | • स्थानीय क्षेत्रमा पाइने वन्यजन्तुको संरक्षण<br>• स्थानीय वनको नाम, | • स्थानीय क्षेत्रमा रहेका वन्यजन्तुहरूको परिचय दिँदै तिनीहरूको संरक्षणमा | • स्थानीय क्षेत्रमा पाइने वन्यजन्तु र तिनीहरूको संरक्षणका उपायहरू | १० |

| कक्षा ७ | | | | | | |
|---|---|---|---|---|---|---|
| | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | बताउन<br>• स्थानीय क्षेत्रमा रहेका वनको परिचय<br>• स्थानीय वनमा पाइने वनस्पतिहरू र तिनीहरूको संरक्षण | उपायहरू बताउन<br>• स्थानीय क्षेत्रमा रहेका वनको बिशेषता सहित परिचय दिन<br>• स्थानीय वनमा पाइने वनास्पतिहरू र तिनीहरूको संरक्षणका उपायहरू बताउन | परिचय र फाइदा<br>• स्थानीय वनमा पाइने वनस्पतिहरू र तिनीहरूको संरक्षणका उपायहरू | स्थानीय निकाय वा सम्बन्धित निकायले गरेका कार्यहरूको जानकारी दिने र तिनीहरूको संरक्षण गर्न सकिने उपायहरूको बारेमा छलफल गर्ने<br>• स्थानीय क्षेत्रमा रहेका वनको परिचय सहित उक्त वनमा पाइने वनास्पतिहरूको विशेषता र संरक्षणका उपाय बारेमा वन विज्ञबाट जानकारी प्रदान गर्ने | बताउन लगाउने<br>• स्थानीय वनमा वन्यजन्तुको हालको संरक्षणको अवस्थाबारे समूहगत रूपमा परियोजना कार्य गर्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा रहेका वनको बिशेषता सहित परिचय दिन लगाउने<br>• स्थानीय वनमा पाइने वनस्पतिहरू र तिनीहरूको संरक्षणका उपायहरू बताउन लगाउने | |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| विनयी-त्रिवेणी गाउँपालिका | • विनयी-त्रिवेणी गाउँपालिकाका भावी योजना र कार्यदिशाहरू | • गाउँपालिकाका योजनाहरूको परिचय दिन ।<br>• गाउँपालिकाकाले तयार पारेका भावी योजनाहरूको परिचय दिन । | • योजनाको परिचय<br>• गाउँपालिकाका भावी योजना र कार्य दिशाहरू (दीर्घकालीन महत्त्वका योजनाहरू गुरु योजना ...आदि ) | • निश्चित उद्देश्य प्राप्ति गर्ने गरी स्थानीय स्तरमा निर्माण र कार्यान्वयन गरिएका र गरिने सामाजिक, शैक्षिक, आर्थिक तथा कार्यान्वयन सहितको वृहत् खाका नै योजना हो भन्ने जानकारी दिँदै स्थानीय योजनाहरूको परिचय दिने ।<br>• गाउँपालिकाकाले वर्तमानमा सञ्चालन, कार्यान्वयनमा ल्याएका योजनाहरूको परिचय सहित भावी समयमा कार्यान्वयन गर्नका लागि तयार गरेका अल्पकालीन, दीर्घकालीन योजनाका बारेमा छलफल गर्ने ।<br>• गाउँपालिकाकाले विकास गरेका दीर्घकालीन | • योजनाको परिभाषा सहित स्थानीय योजनाको परिचय दिन लगाउने ।<br>• गाउँपालिकाकाले तयार पारेका योजनाको सूची तयार पार्न लगाउने ।<br>• गाउँपालिकाकाले तयार पारेका दीर्घकालीन महत्त्वका योजनाहरूमध्ये कुनै एकको परिचय दिन लगाउने । | १२ |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | महत्त्वका योजना तथा गुरुयोजनाहरूको गाउँपालिकाकाको तथ्याङ्कको आधारमा सूची प्रस्तुत गरी छुट्टाछुट्टै परिचय, महत्त्व र प्रभावलाई बुझाई प्रदान गर्ने । | | |
| | • विनयी-त्रिवेणी गाउँपालिका बडापत्र | • नागरिक बडापत्रको परिचय दिन | • नागरिक बडापत्रको परिचय<br>• नागरिक बडापत्रको सामाजिक महत्त्व (जनचेतना सम्बन्धी, कार्य सम्बन्धी, अख्तियार सम्बन्धी महत्त्व ) | • नागरिक बडापत्रको परिचय दिँदै यसको सामाजिक महत्त्वलाई क्रमागत रूपमा प्रस्तुत गर्ने ।<br>• नागरिक बडापत्रका सामाजिक विशेषता र यसले प्रदान गर्ने नागरिक सचेतना सम्बन्धी छलफल गर्ने | • नागरिक बडापत्रको परिचय दिन लगाउने।<br>• नागरिक बडापत्रको सामाजिक महत्त्व लेख्न लगाउने<br>• नागरिक बडापत्रले प्रदान गर्ने नागरिक सचेतनाको बारेमा भन्न लगाउने | |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्थिति | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्थितिको वस्तुस्थिति प्रस्तुत गर्न ।<br>• विनयी-त्रिवेणी गाउँपालिकाको अक्षांश र देशान्तर बताउन<br>• विनयी-त्रिवेणी गाउँपालिकाको सबै भन्दा अग्लो र होचो ठाउँ बताउन | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्थितिलाई उल्लेख गरेको नक्सा/गुगल नक्सा/प्रिन्ट नक्सा<br>• विनयी-त्रिवेणी गाउँपालिकाको अक्षांस, देशान्तर समुन्द्री सतहदेखिको उचाई (...... मिटर देखि ....... मिटरसम्म) सबैभन्दा अग्लो स्थान र होचो स्थान । | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्थालाई नक्सा (प्रिन्ट नक्सा, गुगल नक्सा) को माध्यमबाट भौगोलिक अवस्थिति (अक्षांश, देशान्तर) विस्तृत, जानकारी प्रदान गर्ने ।<br>• भौगोलिक अवस्थितिसँगै गाउँपालिकाको क्षेत्रफल, समुद्री सतहदेखिको उचाई, अग्लो ठाउँको परिचय दिने। | • विनयी-त्रिवेणी गाउँपालिकाको भौगोलिक अवस्थितिलाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>• विनयी-त्रिवेणी गाउँपालिकाको अक्षांश र देशान्तर बताउन लगाउने<br>• विनयी-त्रिवेणी गाउँपालिकाको सबै भन्दा अग्लो र होचो ठाउँ बताउन लगाउने | |
| स्थानीय सम्पदा | • धार्मिक सम्पदा | • स्थानीय धार्मिक सम्पदा (विनयी नदी) को ऐतिहासिक र पुरातात्विक महत्त्व बताउन<br>• पुरातात्विक महत्त्वका | • ऐतिहासिक तथा पुरातात्विक धार्मिक सम्पदा (विनयी नदी )<br>• स्थानीय धार्मिक सम्पदा सम्वर्द्धन, प्रवर्द्धन र व्यवस्थापनमा | • ऐतिहासिक तथा पुरातात्विक धार्मिक सम्पदाहरू (विनयी नदी, वाल्मिकी आश्रम, स्थानीय कोटहरू ...... आदि) को संरक्षण, संवर्द्धन, प्रवर्द्धन र | • विनयी नदीको धार्मिक महत्त्व बताउन लगाउने ।<br>• स्थानीय धार्मिक पुरातात्विक सम्पदाको संरक्षणका उपायहरू | १३ |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | धार्मिक सम्पदाको संरक्षण र सम्बर्द्धनका उपाय बताउन | गाउँपालिकाको भूमिका र योजना । | व्यवस्थापन गर्नका लागि गाउँपालिकाले निर्माण गरेका योजना तथा स्थानीय समुदायले गर्नुपर्ने कार्यहरूको बारेमा छलफल गरी बुँदागत टिपोट गरी प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई आफूलाई महत्त्वपूर्ण लागेका विषयहरू समावेश गर्ने अवसर प्रदान गर्ने । | लेख्न लगाउने ।<br>• सम्पदा संरक्षण, संबर्द्धन र प्रबर्द्धनमा गाउँपालिकाले खेलेका भूमिका भन्न लगाउने | |
| | • ऐतिहासिक सम्पदा | • स्थानीय ऐतिहासिक सम्पदाको परिचय दिन<br>• ऐतिहासिक सम्पदाको सामाजिक महत्त्व बताउन<br>• ऐतिहासिक सम्पदाको संरक्षण गर्न गरिएका प्रयत्नहरू बताउन | • स्थानीय ऐतिहासिक सम्पदा<br>• ऐतिहासिक सम्पदाको सामाजिक महत्त्व<br>• ऐतिहासिक सम्पदाको संरक्षण | • स्थानीय ऐतिहासिक सम्पदाको वास्तविक अवस्थाको स्थलगत अध्ययन गरी ऐतिहासिकता, तत्कालिन सामाजिक परिवेश र राजनीतिक अवस्थाको समेत परिचय दिने<br>• ऐतिहासिक सम्पदाको वर्तमान समाजमा रहेको महत्त्व र संरक्षण किन | • स्थानीय ऐतिहासिक सम्पदाको परिचय दिन लगाउने<br>• ऐतिहासिक सम्पदाको सामाजिक महत्त्व बताउन लगाउने | |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | आवश्यक रहेको छ भन्ने बारेमा अन्तरक्रिया आयोजना गरी छलफल सञ्चालन गर्ने | | |
| | • **भाषिक सम्पदा** | • स्थानीय भाषिक विविधताको परिचय दिन<br>• भाषिक विविधता र सामाजिक सांस्कृतिक अवस्थाको सम्बन्ध बताउन<br>• स्थानीय भाषा र लिपिको बर्तमान अवस्था बताउन | • भाषिक विविधता<br>• भाषिक विविधता र सामाजिक सांस्कृतिक अवस्था<br>• स्थानीय भाषा र लिपि | • स्थानीय क्षेत्रमा रहेको भाषिक विविधताको वृत्तचित्रको मध्यमबाट स्थानीय परिदृश्य उजागर गर्ने गरी प्रष्ट पार्ने<br>• स्थानीय भाषिक विविधता र सामाजिक सांस्कृतिक विविधताका बिच रहेको सामाजिक सम्बन्ध र सामाजिक एकताको अवस्थालाई स्थानीय एकताका रूपमा विकास गर्न त्यसको महत्त्वलाई भिन्न उदाहरण प्रस्तुत गरी स्पष्ट पार्ने<br>• स्थानीय भाषा र लिपिको संरक्षण गर्न स्थानीय विभिन्न संघ संस्था, | • स्थानीय भाषिक विविधताको परिचय दिन लगाउने<br>• भाषिक विविधता र सामाजिक सांस्कृतिक अवस्थाको सम्बन्ध बारेमा लेख्न लगाउने र बताउन लगाउने ।<br>• स्थानीय भाषा र लिपिको वर्तमान अवस्था बारेमा रिपोर्ट तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | स्थानीय निकाय, क्लव तथा अन्य निकायले खेलेको भूमिका उल्लेख गर्दै लिपिको परिचय गराउने | | |
| परम्परागत अभ्यास | • सामाजिक रीतिरिवाजको परिचय<br>• स्थानीय सामाजिक परम्परा | • सामाजिक रीतिरिवाजको परिचय दिन ।<br>• स्थानीय सामाजिक परम्पराका आयामहरूको बारेमा भन्न । | • सामाजिक रीतिरिवाजहरू<br>• स्थानीय सामाजिक परम्पराका आयामहरू | • सामाजिक रीतिरिवाजहरूको परिचय र यसको सामाजिक संरचनासँगको सम्बन्धमा कक्षामा छलफल सञ्चालन गरी विद्यार्थीलाई धारणा राख्न लगाउने (यसमा समूह छलफल महत्त्वपूर्ण हुने गर्दछ) र शिक्षकले सबै धारणालाई समावेश गरी निष्कर्ष दिने ।<br>• स्थानीय समाजमा परम्परागत प्रभावहरू देख्न र अध्ययन गर्न सकिन्छ । समाजका परम्पराहरू बहुआयामिक छन् जसले समुदायको परम्परामा भिन्नता ल्याउनुका साथै | • सामाजिक रीतिरिवाजको परिचय र महत्त्वबारे लेख्न लगाउने ।<br>• स्थानीय सामाजिक परम्पराका आयामहरूको बारेमा भन्न लगाउने । | ९ |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | समाज विकासमा पनि भिन्नता ल्याउने गर्दछ । यस किसिमको प्रभाव पार्ने परम्परागत आयामहरूको बारेमा परिचय दिँदै महत्त्वसमेत टिपोट गरी छलफल गर्ने । | | |
| उद्यमशीलता | • बाँसका सामग्रीको उत्पादन<br>• नेपाली कागज उत्पादन | • बाँसबाट कलात्मक सामग्रीको उत्पादन गर्न<br>• स्थानीय प्राकृतिक स्रोतको उपयोग गरी नेपाली कागज उत्पादन गर्न | • बाँसबाट कलात्मक सामग्रीको उत्पादन<br>• १. बाँसबाट वा वेत बाँस बाट कुर्ची, टेवल र सजावटका सामग्री निर्माण<br>• २. बाँसका जराबाट विभिन्न कलात्मक वस्तुहरूको निर्माण<br>• स्थानीय प्राकृतिक स्रोतको उपयोग गरी नेपाली कागज उत्पादन<br>• १. कच्चा पदार्थ लोकताको पहिचान | • स्थानीय विज्ञ व्यक्तिको सहयोगमा कक्षा सञ्चालन गरी बाँसबाट कलात्मक सामग्रीको उत्पादन गर्न कक्षा सञ्चालन गरी वस्तु उत्पादनमा विद्यार्थीलाई सहयोग गर्दै सक्षम बनाउने<br>• १. बाँसबाट वा बेत बाँस बाट कुर्ची, टेवल र सजावटका सामग्री निर्माण<br>• २. बाँसका जराबाट विभिन्न कलात्मक वस्तुहरूको निर्माण<br>• स्थानीय प्राकृतिक स्रोतको | • बाँसको प्रयोग तोकिएको सिपमा आधारित भई सामग्री उत्पादन गर्न लगाउने<br>• कागज निर्माण गर्न लगाउने र अवलोकन गर्ने | ३५ |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | • २. लोकताबाट कागज बनाउने बिधि<br>• ३. कागज निर्माण र पकेटिंग | उपयोग गरी नेपाली कागज उत्पादन गर्न सक्ने बनाउन कागज बनाउने सिप विकास गर्ने (विज्ञबाट प्रशिक्षण सहित प्रयोगात्मक कक्षा सञ्चालन गर्ने )<br>• १. कच्चा पदार्थ लोकताको पहिचान<br>• २. लोकताबाट कागज बनाउने बिधि<br>• ३. कागज निर्माण र पकेटिंग | | |
| कृषि तथा पशुपक्षीपालन | • कृषिको महत्त्व र योगदान<br>• प्राङ्गारिक कृषिको महत्त्व<br>• प्राङ्गारिक कृषिको बिधि<br>• कृषि आधुनिकीकरण<br>• | • स्थानीय आर्थिक विकासमा कृषिको महत्त्व बताउन ।<br>• प्राङ्गारिक कृषिको महत्त्व बताउन<br>• प्राङ्गारिक कृषिको बिधि बताउन र लेख्न<br>• कृषि आधुनिकीकरणका | • स्थानीय तरकारी खेती, फलफूल खेती (सुन्तला खेती, नासपाती, आँप ...... आदि), पशुपालन, माछापालन, कुखुरा पालन, ..... को महत्त्व र आर्थिक विकासमा योगदान<br>• प्राङ्गारिक कृषिको | • विद्यालयदेखि पायक पर्ने कृषि फर्म, फलफूल बगानको अध्ययन भ्रमण गराई कृषिको महत्त्व र आर्थिक विकासमा योगदानबारे जानकारी दिने ।<br>• प्राङ्गारिक कृषिको महत्त्व र विधिबारे कृषि विज्ञसँग कक्षा छलफल सञ्चालन | • अध्ययन भ्रमणको आधारमा स्थानीय आर्थिक विकासमा कृषिको महत्त्व र योगदानबारे समूह निर्माण परियोजना कार्य तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>• प्राङ्गारिक कृषिको महत्त्व बताउन र लेख्न | १५ |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | उपायहरू बताउन | महत्त्व र विधि<br>• कृषि आधुनिकीकारणका उपायहरू<br>• कृषिको परिचय, आधुनिक र परम्परागत कृषिको परिचय । | गरी जानकारी प्रदान गर्ने<br>• कृषि आधुनिकीकरणको बारेमा कृषि विज्ञसँग छलफल सञ्चालन गरी आधुनिकीकरण गर्ने उपायहरूको बारेमा जानकारी प्रदान गर्ने र त्यसका फाइदा र बेफाइदा बारेमा जानकारी दिने<br>• कृषिको स्थानीय अभ्यास तथा परम्परागत अभ्यासको बारेमा कक्षा छलफल गर्ने । | लगाउने<br>• प्राङ्गारिक कृषिको बिधि बताउन र लेख्न लगाउने<br>• कृषि अधुनिकीकरणका उपायहरू लेख्न लगाउने<br>• आधुनिक कृषिको परिचय दिन लगाउने, | |
| अनुशासन, स्वास्थ्य र खेलकुद | • योगको महत्त्व र दैनिक जीवनमा प्रयोग<br>• प्राकृतिक चिकित्सा<br>• खेलकुद<br>• परम्परागत उपचार पद्धति | • योगको वैज्ञानिक महत्त्वका आधारहरू बताउन ।<br>• योग अभ्यासको दैनिक जीवनमा पुऱ्याउने फाइदाहरू बताउन ।<br>• प्राकृतिक चिकित्सा विधिको परिचय, | • योगको परिचय, वैज्ञानिक आधारहरू, प्रयोग र महत्त्व<br>• योगको दैनिक अभ्यास र यसका फाइदाहरू<br>• प्राकृतिक चिकित्साको परिचय, उपचार विधि र महत्त्व । | • योगको परिचय, यसको आध्यात्मिक र वैज्ञानिक आधारहरू, यसको प्रयोग (अभ्यास) मा अपनाउनु पर्ने सजकता र स्वास्थ्य लाभमा यसको महत्त्वबारे विज्ञ व्यक्तिसँगको छलफल तथा योग अभ्यास कार्यक्रम विद्यालयले | • योगको वैज्ञानिक महत्त्व बताउन लगाउने ।<br>• योग अभ्यासले दैनिक जीवन र स्वास्थ्यमा पुऱ्याउने फाइदाहरू लेख्न र भन्न लगाउने ।<br>• प्राकृतिक चिकित्सा विधिको परिचय दिन | १२ |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | उपचार विधिको बारेमा बताउन । <br>• खेलकुदले व्यक्तिगत स्वास्थ्यमा पुऱ्याउने सकारात्मक प्रभावहरू बताउन । | • स्थानीय खेलकुद अभ्यास र महत्त्व । | आयोजना गरी सञ्चालन गर्ने । <br>• योग अभ्यासले दैनिक जीवनको स्वास्थ्यमा पुऱ्याउने फाइदाहरूबारे जानकारी दिने । <br>• प्राकृतिक चिकित्सा विधिको परिचय, उपचार विधि (विभिन्न रोग तथा चोटपटक) हरूको जानकारी, यसको प्रयोगले हुने असरहरू र महत्त्वबारे जानकारी गराउने । <br>• खेलकुदको परिचय, अभ्यास र स्वास्थ्यमा पुऱ्याउने सकारात्मक प्रभावहरूको बारेमा प्रशिक्षकहरूसँग अभ्यास र छलफल आयोजना गर्ने । | लगाउने <br>• खेलकुदले व्यक्तिगत स्वास्थ्यमा पुऱ्याउने फाइदा बताउन लगाउने <br>• आफ्नो गाउँघरमा अपनाइँदै आएका परम्परागत उपचार पद्धति भन्न लगाउने । | |
| पर्यटन | • पर्यटकीय क्षेत्रको संरक्षण र संबर्द्धन | • स्थानीय पर्यटन व्यवसायले अर्थोपार्जनमा | • पर्यटन र अर्थोपार्जन <br>• मन्दिर, गुम्बा, चर्च, दरबार, ताल, पोखरी, | • पर्यटन व्यवसायले अर्थोपार्जन कार्यमा पारेको प्रभावको बारेमा कक्षामा | • स्थानीय पर्यटन व्यवसायले अर्थोपार्जनमा पुऱ्याएको प्रभाव भन्न | १२ |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | • जलयात्रा /बोटिंग | पुऱ्याएको प्रभाव भन्न<br>• पर्यटकीय क्षेत्रको संरक्षण र संबर्द्धनबारे बताउन<br>• जलयात्रा / बोटिंगको परिचय दिन । | सिमसार .... आदि पर्यटकीय क्षेत्रको संरक्षण र संबर्द्धन।<br>• जलयात्रा / बोटिंगको परिचय र पर्यटकीय प्रबर्द्धन । | छलफल सञ्चालन गर्ने<br>• स्थानीय क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्र (मन्दिर, गुम्बा, दरबार, कोट, ताल, जलयात्रा / बोटिंगको क्षेत्र, ....... आदिको प्रबर्द्धन गर्न गाउँपालिकाले गरेका योजना र कार्यहरूको बारेमा बुँदागत छलफल गर्ने ।<br>• स्थानीय क्षेत्रमा सञ्चालित र सम्भावना भएका साहसिक पर्यटन (र्‍याफ्टिङ्ग, बन्जी, क्यानोनिङ..... आदि) को परिचय तथा महत्त्वको बारेमा कक्षा छलफल सञ्चालन गर्ने । | लगाउने ।<br>• स्थानीय पर्यटकीय क्षेत्रको संरक्षण, संबर्द्धन र प्रबर्द्धनबारे संक्षिप्त योजना बनाई प्रस्तुत गर्न लगाउने ।<br>• जलयात्रा/बोटिंगको परिचय दिन लगाउने।<br>• जलयात्रा गराई अनुभव लेख्न लगाउने। | |
| व्यावहारिक तथा जीवनोपयोगी शिक्षा | • परम्परागत सूचना प्रसारण विधि र आधुनिक प्रविधि<br>• सिकाइमा सूचना प्रविधिको प्रयोग | • परम्परागत सूचना प्रविधि र आधुनिक सूचना प्रविधिको परिचय दिन ।<br>• सिकाइमा सूचना | • परम्परागत सूचना प्रविधि (चिठीपत्र, कटुवाल विधि, रेडियो आदि)आधुनिक प्रविधि (Email, phone, | • सूचना प्रविधिको परिचय दिई परम्परागत सूचना प्रवाह गर्ने माध्यमका बारेमा शिक्षकका अनुभवहरूलाई कक्षामा | • परम्परागत सूचना प्रविधि र आधुनिक सूचना प्रविधिको परिचय दिन लगाउने ।<br>• सिकाइमा सूचना | १० |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | • विपद् व्यवस्थापन<br>• आपसी सहयोग र सहकार्य | प्रविधिको प्रयोग र महत्त्व बताउन<br>• विपद् व्यवस्थापनको योजना निर्माण गर्न ।<br>• आपसी सहयोगी भावनाको विकास गर्न र सहकार्य गर्न । | messenger .... आदि) को परिचय ।<br>• शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग (भर्चुअल लर्निङ्ग, युट्युव, प्रोजेक्टर वेस लर्निङ ...... आदि) बाट हुने सिकाइ र महत्त्व<br>• विपद्को रोकथाम र क्षति न्यूनीकरणमा मानवीय क्रियाकलापको भूमिका, प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका स्थानीय योजना र पूर्व तयारी<br>• सहकार्यको नमूना, सहयोगी भावनाको विकासका फाइदाहरू | छलफल गर्ने साथै चिठीपत्र, कुटुवाल, रेडियो ... आदिबाट हुने परम्परागत सूचना प्रविधिको जानकारी गराउने । आधुनिक विधिमा देखापरेका विधिहरूको टिपोट गरी छलफल गर्ने र भिन्नता पहिचान गर्न विद्यार्थीलाई लगाउने ।<br>• वर्तमान शिक्षण सिकाइका विभिन्न माध्यमहरू आधुनिक प्रविधिले निम्त्याएका आवश्यकताहरू हुन् जसका सिकारुले विभिन्न तवरले सिक्न र सिकाउन सक्ने कुरा बताउँदै भर्चुअल सिकाइ, युट्युव सिकाइ सामग्रीको व्यापकता जस्ता पक्षले सिकाइमा ल्याएको सहजता र महत्त्वलाई | प्रविधिको प्रयोग र महत्त्वबारे निवन्ध लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>• विपद् व्यवस्थापनको नमुना योजना निर्माण गर्न लगाउने । | |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| | | | | जोड्दै प्रविधिको प्रयोगबारे छलफल र महत्त्व बताउने ।<br>• प्राकृतिक विपद् रोकथाम र क्षति न्यूनीकरण गर्न मानवीय क्रियाकलापहरू (उत्खनन, वनफँडानी, …….. आदि) नियन्त्रित र सन्तुलित हुनुपर्ने कुरा बताउँदै रोकथाम र न्यूनीकरणका उपायमा छलफल गर्ने ।<br>• भैपरी आउने विपद्को व्यवस्थापनको लागि व्यक्ति र समाजले गर्नुपर्ने पूर्व कार्यहरूको सूची प्रस्तुत गर्दै स्थानीय निकायको योजना र पूर्व तयारी बारेमा गाउँपालिकाका प्रतिनिधिसँग छलफल गरी नमुना योजना तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने। | | |

| कक्षा ८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धी** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **कार्य घण्टा** |
| जैविक विविधता | • स्थानीय वन जङ्गलको परिचय<br>• स्थानीय वनजङ्गलको जैविक विविधता<br>• वनजङ्गलबाट हुने फाइदाहरू<br>• वनजङ्गलको संरक्षणमा विद्यार्थीको भूमिका | • स्थानीय वन जङ्गलको परिचय दिन<br>• स्थानीय वनजङ्गलको जैविक विविधतालाई प्रस्तुत गर्न<br>• वनजङ्गलबाट हुने फाइदाहरू बताउन<br>• वनजङ्गलको संरक्षणमा विद्यार्थीको भूमिका बताउन | • स्थानीय वनजङ्गलको परिचय<br>• स्थानीय वनजङ्गलको जैविक विविधता संरक्षणमा स्थानीय तहले गरेका प्रयासहरू<br>• वनजङ्गलबाट हुने फाइदाहरू<br>• वनजङ्गलको संरक्षणमा विद्यार्थीको भूमिका र जनचेतना | • स्थानीय वन जङ्गलको परिचय दिन<br>• स्थानीय वनजङ्गलको जैविक विविधता संरक्षणमा स्थानीय तहले गरेका प्रयासहरूबारे जानकारी दिँदै सामाजिक तथा व्यक्तिगत तवरले गर्नुपर्ने कार्यहरूको बारेमा छलफल गर्ने<br>• वनजङ्गलबाट हुने फाइदाहरू बताउने यसको बारेमा स्थानीय व्यक्तिहरूसँग जानकारी लिई छलफल सञ्चालन गर्ने<br>• वनजङ्गलको संरक्षणमा विद्यार्थीको भूमिका तथा जनचेतना विकासमा विद्यार्थीले गर्न सक्ने कार्यको बारेमा बुझाउने | • स्थानीय वनजङ्गलको परिचय दिन लगाउने<br>• स्थानीय वनजङ्गलको जैविक विविधतालाई प्रस्तुत गर्न लगाउने<br>• वनजङ्गलबाट हुने फाइदाहरू बताउन लगाउने<br>• वनजङ्गलको संरक्षणमा विद्यार्थीको भूमिका बताउन लगाउने | १० |

## १०. वार्षिक कार्यघण्टा र विषय भार विभाजन तालिका

**कक्षा १-५**

| क्र.स. | क्षेत्र/एकाई | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक कार्यघण्टा | विषयको भार | वार्षिक कार्यघण्टा | विषयको भार | वार्षिक कार्यघण्टा | विषयको भार | वार्षिक कार्यघण्टा | विषयको भार | वार्षिक कार्यघण्टा | विषयको भार |
| १ | विनयी-त्रिवेणी गाउँपालिका | १५ | ९ | १५ | ९ | १५ | ९ | १३ | १० | १३ | १० |
| २ | स्थानीय सम्पदा | २१ | १४ | २१ | १४ | २१ | १४ | १५ | १२ | १५ | १२ |
| ३ | परम्परागत अभ्यास | १६ | १० | १६ | १० | १६ | १० | १२ | ९ | १२ | ९ |
| ४ | कृषि तथा पशुपक्षीपालन | २० | १२ | २० | १२ | २० | १२ | १५ | १२ | १५ | १२ |
| ५ | उद्यमशीलता | २१ | १४ | २१ | १४ | २१ | १४ | २० | १४ | २० | १४ |
| ६ | अनुशासन, स्वास्थ्य र खेलकुद | १६ | १० | १६ | १० | १६ | १० | १३ | १२ | १३ | १२ |
| ७ | पर्यटन | २० | १२ | २० | १२ | २० | १२ | १५ | १२ | १५ | १२ |
| ८ | व्यावहारिक तथा जीवनोपयोगी शिक्षा | १५ | ९ | १५ | ९ | १५ | ९ | १३ | १० | १३ | १० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | जैविक विविधता | १६ | १० | १६ | १० | १६ | १० | १२ | ९ | १२ | ९ |
| | | **१६०** | **१००** | **१६०** | **१००** | **१६०** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** |

**कक्षा ६-८**

| क्र.स. | क्षेत्र/एकाई | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | वार्षिक कार्यघण्टा | विषयको भार | वार्षिक कार्यघण्टा | विषयको भार | वार्षिक कार्यघण्टा | विषयको भार |
| १ | विनयी-त्रिवेणी गाउँपालिका | १५ | १२ | १२ | ९ | १२ | ९ |
| २ | स्थानीय सम्पदा | १४ | ११ | १३ | ११ | १३ | ११ |
| ३ | परम्परागत अभ्यास | १० | ७ | ९ | ७ | ९ | ७ |
| ४ | कृषि तथा पशुपक्षीपालन | १५ | १२ | १५ | १२ | १५ | १२ |
| ५ | उद्यमशीलता | ३० | २४ | ३५ | २७ | ३५ | २७ |
| ६ | अनुशासन, स्वास्थ्य र खेलकुद | १२ | ९ | १२ | ९ | १२ | ९ |
| ७ | पर्यटन | १२ | ९ | १२ | ९ | १२ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | व्यावहारिक तथा जीवनोपयोगी शिक्षा | १० | ८ | १० | ८ | १० | ८ |
| ९ | जैविक विविधता | १० | ८ | १० | ८ | १० | ८ |
| | | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** |

## ११. शिक्षण सिकाइ योजना निर्माण :

(१) सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकता अनुसार प्रयोग,सिकाइ,रचनात्मक तथा समलोचनात्मक सोंचाई, निर्णय तथा समस्या समधान जस्ता सोंचाई सिपहरू, स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकुलता जस्ता अन्तरवैयित्तिक सिपहरू, सञ्चार, सहकार्य, सहानुभुति जस्ता वैयक्तिक सिपहरू,विभिन्न किसिका बहुसाक्षरता सिपहरू र नागरिक दायित्व सम्बन्धी विभिन्न किसिमका नागरिक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ ।

(२) विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ । न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्च स्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमश : माथिल्लो स्तरको सिकाइ गर्न सक्ने सहयोग गर्नु पर्दछ ।

(३) स्थानीय विषयको विषयक्षेत्रको विषयगत सिमा निर्धारण नगरी एउटै विषयवस्तुबाट सकेसम्म एक भन्दा बढी विषय अन्तरसम्बन्धित हुने गरी सिकाइ योजना गर्नु पर्दछ ।

(४) सिकाइ योजना बनाउदा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम् सम्बन्ध कायम हुने गरी निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने गरी व्यवस्था मिलाउनु पर्दछ ।

(५) छनोट गरिएका विधि,प्रक्रिया तथा क्रियाकलापहरूले विद्यार्थीलाई सक्रिय बनाउने,सबैलाई सहभागी बनाउने,गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्दछ ।

(६) सिकाइ योजना निर्माणका लागि स्थानीय पाठयक्रमका सक्षमताहरू र क्षेत्रगत सिकाइ उपलब्धिको अध्ययन गरी तिनको अन्तर सम्बन्ध पहिचान गर्नुपर्दछ ।

(६) विद्यार्थीको भाषिक तथा सामाजिक पृष्ठभूमि,सिकाइका लागि विभिन्न किसिमको अपाङगताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी सिकाइ योजना निर्माण गर्नु पर्दछ ।

(७) कक्षा १-३ का विद्यार्थीहरूको हकमा सम्भव भए सम्म स्थानीय विषयवस्तुलाई अन्य विषयसँग अन्तर सम्बन्धित हुने गरी सिकाइ योजना निर्माण गर्नु पर्दछ । जस्तै स्थानीय अभिवादन शैली सिकाउदा वा अभ्यास गराउदा हाम्रो नेपाली तथा हाम्रो सेरोफेरो पुस्तकमा दिएका विषयवस्तुलाई आधार वनाउन सकिन्छ । त्यस्तै आफु बस्ने स्थान विषेशलाई वर्णन गर्न दायाँ वायाँ नजिक टाढा दिशा जनाउने शब्दको प्रयोग गर्न सकिन्छ ।

(८) शिक्षण योजनाको निर्माण गर्दा बालबालिकाको रुचि अनुसारका खेल तथा रचनात्मक कार्य समावेश गरी आवश्यकता अनुसार वैयक्तिक सिकाइ क्रियाकलाप सञ्चालन हुने गरी निर्माण गर्नु पर्दछ ।

(९) प्रभावकारी सिकाइ प्रत्यक्ष अनुभव बाट हुने हुँदा सिकाइ क्रियाकलाप निर्माण गर्दा यथासम्भव ज्ञानेन्द्रिय प्रयोग हुने गरी शिक्षण सिकाइ योजना तयार गर्नु पर्दछ ।

(१०) स्थानीय विषयको पाठ्यक्रमले अपेक्षा गरेका सिप तथा ज्ञान सम्बन्धित सिकाइ उपब्धिहरू हासिल गराउन पाठ्यपुस्तक उपलब्ध नहुँदाको अवस्थामा पनि स्थानीय रूपमा सामग्री बनाउने,संकलन गर्ने, केन्द्रिकृत पाठ्यसामग्री प्रयोग गरी शिक्षण सिकाइ योजना तयार गर्नुपर्दछ ।

## १२. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष :

सम्बन्धित विषयक्षेत्रमा प्रयोग हुने शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू यहाँ उल्लेख गरिएका छन् :

१. **सक्षमता तथा सिकाइ उपलब्धिहरू** : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. **विषयवस्तुको स्वरूप** : विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. **बालमनोविज्ञान** : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ । नेपाली इतर मातृभाषी विद्यार्थीका लागि सिकाइ सहजिकरणमा सम्बन्धित मातृभाषाको प्रयोगसमेत गर्नसकिने छ ।

४. **स्रोत साधनहरूको उपलब्धता** : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।

६. **समय र विद्यार्थी सङ्ख्या** : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

७. **शिक्षकको योग्यता, क्षमता र रुचि** : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ । यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## १३. सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय पाठ्यक्रमको रूपमा निर्माण गरिएको यस पाठयक्रमलाई विद्यालय ( कक्षा कोठा) मा कार्यान्वयन गर्नका लागि निम्नानुसारका विधि सान्दर्भिक हुनेछन् :

क) प्रदर्शन विधि

ख) खोज विधि

ग) परियोजना कार्य

घ) समस्या समाधान विधि

ङ) अवलोकन विधि

च) क्षेत्र भ्रमण विधि

छ) छलफल विधि

ज) खेल विधि

झ) नाटकीय विधि

यी विधिहरूलाई मुख्य विधि मानी विद्यार्थीमा रचनात्मक क्षमता विकास गराउन आवश्यकताका आधारमा अन्य विधि थप गर्न सकिनेछ ।

## १४. विद्यार्थी मूल्याङ्कन

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्दै विद्यार्थीको सिकाइलाई लेखाजोखा तथा मूल्याङ्कन गरिने भएकाले पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरिनेछ ।

२. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहनेछ । विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धी परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियताको अभिलेख रहनेछ र विद्यार्थीका ती कार्यलाई आधार मानी मूल्याङ्कन गरिनेछ ।

३. कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिनेछ ।

४. कक्षा ४-५ मा ५०% निर्णयात्मक (बार्षिक परीक्षा) र ५०% निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिनेछ ।

५. लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४०% हुनेछ र छुट्टै उत्तीर्ण हुनुपर्नेछ ।

६. कक्षा ६ र ७ मा ६०% निर्णयात्मक (बार्षिक परीक्षा) र ४०% निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिनेछ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा बिद्यार्थीलाई कक्षोन्नति गरिनेछ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४०% हुनेछ ।

७. विद्यार्थी मूल्याङ्कनमा सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कनको अङ्कभार ५०-५० प्रतिशत रहनेछ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा बिद्यार्थीलाई कक्षोन्नति गरिनेछ । लिखित र प्रयोगात्मक मूल्याङ्कनको उत्तीर्णाङ्क ४०% हुनेछ र प्रयोगात्मकमा छुट्टै उत्तीर्ण हुनुपर्नेछ ।

## १५. पाठ्यक्रम कार्यान्वयन

पाठ्यक्रम कार्यान्वयन कार्यमा शिक्षकको महत्त्वपूर्ण जिम्मेबारी तथा भूमिका हुनेछ । विद्यार्थीहरूलाई सिकाइका लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्ने तथा तोकिएको विषयको लागि क्षेत्र अध्ययन गराउन विद्यालयले महत्त्वपूर्ण भूमिका खेल्नु पर्नेछ । स्थानीय विषयवस्तु तथा स्थानीय उद्यमशिलाताका विषयहरूमा

स्थानीय विज्ञ व्यक्तिबाट प्रशिक्षण एवम् सिप विकासमा सहयोग गर्न स्रोत कक्षा सञ्चालन गर्नुपर्नेछ । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यताअनुसार स्थानीय भाषा समेत अवलम्बन गर्न सक्नेछन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइनेछ ।

## १६. समय निर्धारण

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ अनुसार स्थानीय पाठ्यक्रम अन्तरगत कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १६० कार्यघण्टा र पूर्णाङ्क १०० रहनेछ । यस्तैगरी कक्षा ४-८ मा साप्ताहिक पाठ्यभार ४ र वार्षिक पाठ्यभार १२८ कार्यघण्टा र पूर्णाङ्क १०० रहनेछ । प्रत्येक शैक्षिक सत्र बैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने व्यवस्था शिक्षा नियमावली २०५९ (छैठौँ संसोधन) मा उल्लेख छ । प्रचलित शिक्षा ऐन र नियमावली बमोजिम प्रत्येक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नेछ र १९२ दिन पठनपाठन हुने भएकोले यस पाठ्यक्रमको वार्षिक पाठ्यभार कक्षा १-३ मा १६० घण्टा र कक्षा ४-८ मा १२८ घण्टा हुनेछ । पाठ्यांश अनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिनेछ ।

## १७. पाठ्यक्रम परिमार्जन

संसार परिर्वतनशील छ । शिक्षा पनि संसारको गतिसँगै परिवर्तन भैरहने कुरा हो । समयको माग अनुसार सामाजिक इच्छा, आकांक्षा र आवश्यकताहरू पनि बढ्छन् । ती आवश्यकताहरू शैक्षिक पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न पनि परिमार्जन हुनेछ । विनयी-त्रिवेणी गाउँपालिकाको समाजले आवश्यक ठानेको अवस्थामा यसलाई पुनः परिमार्जन गर्न सकिनेछ । समय समयमा प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूका सकारात्मक सन्दर्भहरू अनुसन्धानात्मक तवरले निरन्तर खोज गरिरहनुपर्दछ । यसबाट प्राप्त निष्कर्षलाई उपयोग गर्दै यस पाठ्यक्रममा समावेश गर्दै लगिनेछ ।

धन्यवाद ।

Vinayi Triveni Rural Municipality




"हामी अनि हाम्रो विनयी-त्रिवेणी"